# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको वन व्यवस्थापनमा परम्परादेखि नै जनताको प्रत्यक्ष संलग्नता रहदै आएको भएतापनि सरकारी तवरबाट यसको अपरिहार्यता राष्ट्रिय वन योजना वि.सं. २०३३ मा प्रतिविम्बीत भएको हो । सोही योजना बमोजिम वि.सं. २०३५ सालमा वन ऐन, २०१८ लाई संशोधन गरि वन व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानिय निकायलाई सुम्पने प्रक्रियाको सुरुवात भएको थियो । यसरी सुरु गरिएको सहभागिता मुलक वन व्यवस्थापनको अभ्यासमा प्राप्त अनुभव एवं सिकाईलाई आत्मसात गर्दै समयअनुकुल नीतिगत परिवर्तन हुँदै आएको छ (बाँनिया, २०७१) ।

वि.सं. २०४४ सालमा सम्पन्न भएको पहिलो सामुदायिक वन राष्ट्रिय गोष्ठीले परम्परागत रुपमा वनको प्रयोग गर्दै आएका उपभोक्ताहरुको समुह बनाई वन हस्तान्तरण गर्नुपर्ने आवश्यकता औल्याएको थियो । वि.सं. २०४६ सालमा बनेको वन विकास गुरु योजनाले सामुदायिक वनलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा राखि वन व्यवस्थापनमा सहभागिता हुनू पर्ने कुरामा जोड दियो । वि.सं. २०४९ सालमा सम्पन्न दोस्रो सामुदायिक वन राष्ट्रिय गोष्ठीले वन सम्बन्धि योजना तर्जुमा तल्लो तहबाट हुनुपर्ने जनशक्तिको विकास हुनुपर्ने वनउपभोक्तहरुको सञ्जाल हुनुपर्ने, सामुदायिक वन विकासमा गैर सरकारी संस्थाको संलग्नता हुनुपर्ने जस्ता सुझावहरु दिएको थियो । वि.सं.२०४६ सालमा प्रजातन्त्रको पुर्नवहाली पछि वनलाई अभिछिन्न उत्तराधिकार वाला शोसासित र संगठीत संस्थाको रुपमा स्थापित गरि वनको विकास संरक्षण उपयोग र व्यवस्थापना गर्ने जिम्मेवारी त्यसलाई सुम्पिएको छ । वन ऐन, २०३९ र वन नियमावली २०५१ ले समुह गठन कार्ययोजना तयार, निश्चित क्षेत्र

तोकी वन हस्तान्तरण र  जिम्मेवारी समेत  उपभोक्ता समुहलाई सुम्पिएको छ । साथै वन हस्तान्तरण प्रक्रियाको  स्पष्ट व्याख्या गरि कार्यान्वयनमा एकरुपता ल्याउन सामुदायिक वन विकास सम्बन्धि मार्ग दर्शन २०५२ लागु गरिएको  छ । वन ऐन, २०४९ का अनुसार नेपालमा स्वामित्व र व्यवस्थापनका आधारमा देहायअनुसारका वनहरु रहेको पाइन्छ : राष्ट्रिय वन, सरकार द्धारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलिति वन, धार्मिक वन,  निजी वन इत्यादि (बाँनिया, २०७१) ।

वन ऐन २०४९ मा उल्लेख भए अनुसार सामूदायिक वन भन्नाले सामूहिक हितको लागि वनको विकास संरक्षण र उपयोग गर्न उपभोक्ता समूहहरुलाई सुम्पिइएको वन भन्ने बुझिन्छ । सामूहिक हितका लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वन पैदावरको उपयोग गर्न सम्वन्धीत उपभोक्ताहरुको संगठित रुप नै सामूदायिक वन उपभोक्ता समिति हो ।

नेपालमा सञ्चालित सामूदायिक वन सम्बन्धी कार्यक्रमहरु वन ऐन, २०४९ र नियमावली २०५१ अनुसार सामूदायिक वन स्थानीय समूदायको हितका लागि सञ्चालित सरकार र स्थानीय समूदायबीचको समन्वयात्मक र संस्थागत प्रवर्द्धन हो, जसले वन सम्पदाको व्यवस्थापन गर्दछ । यी सामूदायिक वनहरु जिल्ला वन अधिकृतकाट बैधानिक रुपमा स्थापित स्वतन्त्र स्वयंसेवी र स्वसाशित संस्थाहरु हुन् । सामूदायिक वनले स्थानीय व्यक्तिहरुको जीवनयापनमा सहयोग गर्न, वनको राम्रो हेरविचार गर्न र वातावरण संरक्षण गर्न नेतृत्वदायी कार्य गरेको छ । नेपालमा अहिले सम्म करिव १ दशमलव १ मिलियन हेक्टर वन क्षेत्र (कुल वन क्षेत्रको २५ प्रतिशत) हाल १३ हजार भन्दा बढी सामूदायिक वन उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिसकिएको छ । जसले नेपालको कुल जनसंख्याको करिव ३५ प्रतिशत जनसंख्यालाई समेटेको छ । नाङ्गो पारिएको वन क्षेत्रलाई फेरी हरियाली वनाइएको छ

भने वन क्षेत्रको अवस्था पुनः सुधारिएर गएको छ । उपभोक्ता आफैले वनको संरक्षण गर्दै वनको उपभोग र  उपयोग पनि गर्दै आएका छन् (कँडेल, २०७२) ।

नेपालमा सामूदायिक वन विकास कार्यक्रम एउटा सफल कार्यक्रम हो जसको अन्तराष्ट्रिय पहिचान पनि राम्रो छ । स्थानीय समूदाय केन्द्रित कार्यक्रम हुनु यसको सफलताको मुख्य कारण हो । सामूदायिक वन उपभोक्ता कार्यक्रमले वन उपभोक्ताहरुलाई वैधानिक र संस्थागत रुपमा संगठित गर्दै वनको व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ । हाल आएर सामूदायिक वन उपभोक्ता समूहहरुलाई गाउँ स्तरको प्रभावकारी र दिगो सामाजिक तथा विकासमुखी संस्थाको रुपमा लिइएको छ।

विगत १५ बर्ष देखि कानुनी तवरबाट नै लागू गरिएको सामूदायिक वन व्यवस्थापन प्रणालीले नेपालमा मात्र हैन विदेशमा पनि निक्कै लोकप्रियता हासिल गरेको कुरा सामान्य हो र धेरैलाई थाहा छ । विश्वमा नै जनसहभागीताद्धारा सञ्चालित प्राकृतिक स्रोत व्यवस्थापन कार्यक्रमको सफल नमूनाको रुपमा गणना हुने अवसर पनि यहि सामूदायिक वन व्यवस्थापन प्रणालीले नै प्राप्त गरेको छ । आज सामूदायिक वनको जुन नमुना हाम्रो सामुमा विद्यमान छ यसको विकासमा स्थानीय वन उपभोक्ता समूहहरुको महत्वपूर्ण योगदान रहेको छ । वन संरक्षण र सदुपयोगको लागि सामूदायिक वन व्यवस्थापन प्रणालीको विकास र यसको स्वामित्व समूदायका वन उपभोक्ताहरुले लिएका छन् र अन्य पक्षले यस अभ्यासलाई अवधारणाको रुपमा स्वीकार गरेका हुन् भन्दा अत्युक्ति नहोला (ढुंङ्गाना, २०६५) ।

वन सम्पदा नेपालको एक प्राकृतिक स्रोत हो । अधिकांश ग्रामिण नेपालीहरु परम्परागत रुपमा जिविकोपार्जनको लागि कृषि तथा पशु प्रणालीमा निर्भर छन् । इन्धन, घाँस, सेउला, सोत्तर, निर्माण सामाग्री आदि आधारभूत आवश्यक वनपैदावार वनबाट प्राप्त हुने हुँदा आय आर्जन गर्ने माध्यम पनि वन जङ्गल वनेको छ ।

जलस्रोत, पर्यटन र पर्यावरण क्षेत्रमा समेत वन सम्पदाले महत्पूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपालको आर्थिक विकासमा पनि वन सम्पदाको महत्वपूर्ण भूमिका रहने देखिन्छ । रावत २०६५-०६६ का अनुसार यति महत्वपूर्ण स्थान रहेको वन सम्पदा संरक्षण गर्नु पर्ने आवश्यकता विगतमा टड्कारो रुपमा देखिएपछि यसैको परिणाम स्वरुप वनको सामूदायिकीकरणको अवधारणहरु देखा पर्न थालेका हुन् ।

वि.सं. २०१३ सालको वन राष्ट्रियकरणको घटना पछि वि.सं. २०४० को दशकसम्म आईपुग्दा पटक पटक वन ऐन संशोधन गरेर वन विनासलाई नियन्त्रण गर्ने सरकारी प्रयासको वाबजुत वन संरक्षण हुन सकेको थिएन । प्राय सबै पञ्च-बर्षिक योजनाहरुले वन र वन पैदावरहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग गरी जनताका दैनिक वनपैदावरीको आवश्यकता पूरा गर्ने, उद्योगलाई चाहिने वन पैदावर उपलब्ध गराउने र मुलुकको विकासमा टेवा पुऱ्याउने पक्षलाई जोड दिए पनि वनमा आश्रीत तथा वनको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने स्थानीय वन उपभोक्ताहरुलाई वनबाट अलग राखेकाले सरकारी प्रयासबाट मात्र वन विनासमा कमी आउन सकेन । बरु उल्टै वन विनासको क्रम बढ्दै गरेको अनुभुति भयो । जनताको सक्रिय सहभागीता विना प्राकृतिक स्रोतको हैसियत सुधार्ने सरकारी प्रयास मात्र सफल हुँदो रहेनछ भन्ने पाठ सिक्न लामो समय  लाग्यो (सामुदायिक वन उपभोक्ता महासंघको वार्षिक प्रतिवेदन, २०७०) ।

२०४६ पछिको उन्मुक्त वातावरणले जनतालाई प्राकृतिक स्रोतको व्यवस्थापन कार्य आफ्नै जिम्मामा लिने  प्रजातान्त्रिक बाटो  खोलिदियो । वन ऐन, २०४९ ले वन व्यवस्थापनको प्रमुख जिम्मेवारी स्थानीय उपभोक्तालाई दियो । यसबाट २०१३

सालमा राज्यले जिम्मा दिएको वन संरक्षण तथा व्यवस्थापनको कार्य २०४९ सालमा आईपुग्दा मात्र जनताको हातमा आउने वातावरण वन्न पुग्यो र सामूदायिक वन विकास कार्यक्रमलाई उपभोक्ताकै योजना बमोजिम अगाडि वढाउँन  मद्दत गर्‍यो ।

वन उपभोक्ताहरुको सहभागीतामा वनको संरक्षण, विकास र व्यवस्थापन गर्नका लागि उपभोक्ताको पहलमा स्थानीय स्तरमा योजना निर्माण गरी उनिहरुकै नेतृत्वमा वनको दिगो विकास गर्नु सामूदायिक वन कार्यक्रमको उद्देश्य हो । सामूदायिक वन कार्यक्रमले वन उपभोक्तालाई प्रजातान्त्रिक प्रक्रियामा आवद्ध गराई वनको संरक्षण, विकास र व्यवस्थापनका लागि आवश्यक निर्णय प्रक्रियामा सहभागी हुने अवसर प्रदान गरेको छ । यस कार्यक्रमले उपभोक्ताको सामाजिक, आर्थिक र शैक्षिक तथा स्थानीय  तहमा भौतिक तथा वातावरणीय पूजी  निमार्ण गर्नमा ठूलो भूमिका खेलेको छ । उपभोक्ताहरुले सामूदायिक हित अनुकुलको निर्णय लिई वन व्यवस्थापनको योजना वनाउँने हुनाले वनको संरक्षण र उपयोग गर्दा उपभोक्ताहरुबीच बेलाबखत देखा पर्ने विवाद र किचलोसमेत आपसी छलफल र संवादबाट स्थानीय तहमै समाधान गर्न यस कार्यक्रमले बाटो खोलेको छ । सामुदायिक वनका यी उपलव्धीहरु सानो प्रयासले हासिल भएका छैनन् । सरकार, विभिन्न तहका गैर सरकारी संस्था र स्थानीय उपभोक्ताहरुको निरन्तरको संवाद र लामो समयको सहकार्य र आपसी सहयोगपछि मात्र आजको सफलतामा पुग्न सफल भईएको हो (कडेल, २०७२) ।

वि.सं. २०४९ बाट स्थानीय स्तरमा संरक्षण र उपयोग गर्ने व्यवस्थासहित सामुदायिकीकरण भएको सामूदायिक वन आजसम्म आइपुग्दा नेपालको कुल वन क्षेत्रको करिव २२ प्रतिशत क्षेत्र ओगट्न सफल भएको छ  (सामूदायिक वन बुलेटिन अङ्क १४,२०६५/०६६) । सामूदायिक वन महाशाखाको अनुसार वि.सं. २०६५ को

अन्त्य सम्म करिव ४१ हजार ४३९ वन उपभोक्ता समूह र १६ लाख  ५९ हजार ७७५ घरधुरी सामूदायिक वन कार्यक्रममा आवद्ध भईसकेका छन् । यी आवद्ध भएका घर धुरीले करिव १२ लाख ३९ हजार ६६९ हेक्टर वनक्षेत्रको संरक्षण र व्यवस्थानपनको जिम्मा लिइ सकेका छन् । हालसम्म रहेको १४ हजार ४३९ वन समूदाय मध्ये ७९५ उमभोक्ता समूहहरु महिलाहरुले मात्र संञ्चालन गरेका छन् जसले गर्दा वन र महिलाहरुको  हैसियतका बीचको सम्वन्ध र वन स्रोतको  ह्रासले महिलाको जीवन झनै कष्टकर हुने वास्तविकतालाई यस अवधारणाले समेटेको छ ।

शुरुका बर्षहरुमा यस कार्यक्रमको उद्देश्य नाङ्गा डाँडा-पाखाहरुमा हरियाली छाउने तथा घाँस दाउरा जस्ता जनताका आधारभूत आवश्यकता पूर्ति गर्ने रहेको थियो । कार्यक्रमको व्यापकता र सफलता बढ्दै गएपछि मुलुक सामु रहेको गरिवी निवारण गर्नु, सु-शासन, जीविकोपार्जन, दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, वन प्रमाणिकरण तथा लैङ्गिक समानता जस्ता चुनौतीहरु कार्यहरु सामना गर्नमा समेत सामूदायिक वन कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

यसरी समाजशास्त्रको दृष्टिकोणले सामुदायिक वनबारेमा निकै नजिकको सम्बन्ध रहेको  छ । जसमा जसरी समाजको विकासक्रममा वनले सहयोग पुऱ्याएको छ । त्यसैगरि समाजको लागि आवश्यक घाँस, दाउरा, वनपैवावार आदि विभिन्न वस्तुहरु वनबाटै प्राप्त हुन्छ यसकार समाजशास्त्रीय दृष्टिकोणले पनि वनको उपयोगिता रहेको  पाउन सक्छौ ।

## १.२ समस्याको  कथन

हिमाल, पहाड र तराई मिलेर वनेको देश नेपाल प्राकृतिक रुपले धनी देश भनेर चिनिएको छ । यहाँ विभिन्न किसिमका प्राकृतिक सम्पदाहरु रहेका छन् । जल

सम्पदा, खनिज सम्पदा, वन सम्पदा आदिमा प्रमुख र महत्वपूर्ण सम्पदाको रुपमा वनलाई लिन सकिन्छ । ग्रामीण क्षेत्रदेखि शहरी क्षेत्रसम्म विभिन्न भेगमा यस सम्पदाले महत्व राखेको छ । इन्धनको प्रमुख स्रोत, भौतिक निर्माणको क्षेत्र तथा पर्यावरण सन्तुलन राख्ने काममा यसको महत्व धेरै रहेको छ । विशेष गरी हाम्रो देशको ग्रामिण क्षेत्रमा वन सम्पदाको महत्व सर्वाधिक छ ।

पृथ्वीको अस्तित्व र यसमा जनजिवनका विभिन्न क्रियाकलापनै पर्यावरणका सरोकारका विषय हुन् । मानिस र यसको नजिकमा रहेका सजिव-निर्जिव वस्तुहरु पशुपक्षि, रुख-विरुवा, माटो, पानी, पहाड र भुमि आदिको समष्टिगत रुपनै पर्यावरण हो । मानिस र यी वस्तुहरु विच अनुकुल सम्बन्ध रहेमा यसबाट विकासको क्रमलाई गतिदिने अन्यथा पर्यावरणमा ह्रास आई नराम्रो स्थिति सृजना हुन जान्छ । हाल विश्वको प्रमुख समस्या पर्यावरणको विग्रदो अवस्था र वातावरणमा वढदो तापक्रम प्रमुख रहेको छ । बढ्दो औद्योगिककरण, वन जंगलमा बढ्दो अतिक्रमण जनसंख्यामा अधिक बृद्धिले व्यापक रुपमा रुख कटानीले गर्दा पर्यावरणमा कार्वन डाइअक्साइडको बृद्धि आदि विभिन्न कारणले गर्दा हरित गृह प्रभाव Green House Effect जस्ता नकारात्मक असर पर्न गई पृथ्वीको सतहमा तापक्रममा प्रतिबर्ष बृद्धि हुँदै गईरहेको छ । पृथ्वीको सतहमा भएको तापक्रमको बृद्धिको कारणले मालदिभ्सजस्ता सामुन्द्रिक तटिय राष्ट्रहरु डुब्ने र अस्तित्व लोप हुने अवस्थाको सृजना हुन सक्छ । भने भारत, बंगलादेश, इजिप्ट, श्रीलंका जस्ता तटिय मुलुकले ठुलो धन जनको विनासको संकटको सामना गर्नुपर्ने छ । विश्वका अनेकौ नदीहरुको जल प्रदुषण भई शुद्ध पेय जलको अभाव हुन जाने छ भने इन्धनको मुख्य साधन दाउरा, गोबर गुइठा भएकोले ती देशमा वन जंगल र माटो संरक्षणको कार्य अतिनै चुनौतिपूर्ण रहेको छ ।

औद्योगिक प्रतिष्ठानबाट निस्कने धुँवा, अव्यवस्थित बसोबास, बढ्दो जनसंख्या र शहरीकरण, सवारी साधनको बढ्दो प्रंयोग, वनको फडानी, चोरी निकासी, आँगलागी, बाँढी पैरो, भु-क्षय, अतिबृष्टि, अनाबृष्टि, भु-कम्प, ज्वाला मुखी, खेतिपातिमा रासायनिक मल र किटनासक औसधिको अत्यधिक प्रयोग, अज्ञानता र अशिक्षा चरम गरिबीको कारणले वातावरण र जलवायु परिवर्तनमा नकारात्मक असरहरु देखा परिराखेको छ । वातावरण असन्तुलनको कारणले अम्लिय वर्षा हुने जसले माटोको रासायनिक गुणमा ह्रास आएको, पुरातात्विक महत्वका संरचनालाई विगार्ने र खियाउने गरेको, रुपाकृतिमा नकारात्मक असर पार्ने गरेको छ । वायुमण्डलमा CFC को मात्रा अत्यधिक वढ्नुलाई पृथ्वीको रक्षाकवज (ओजोनतह)मा प्वाल परेकोले पृथ्वीको तापक्रममा बृद्धि भैरहेको छ । जसले हरितगृहमा प्रभाव, जलबायुमा नकारात्मक असर, मरुभुमिकरणमा बृद्धि, पानीका श्रोत र आपूर्तिमा कमि आएको छ । प्रदुषित वातावरणको कारणले प्राणी र बनस्पति र जैविक विविधतामा प्रतिकुल असर पारिरहेको छ ।

अम्लिय वर्षा (Acid Rain) जल, वायु, ध्वनी, खाद्य प्रदुषण जैविक विविधतामा ह्रास, बढ्दो मरुभुमिकरण, वायुमण्डलिय उष्णता, ओजोन तहको विनास, हरित गृह प्रभाव, जल र वायुमा हुने परिवर्तन जस्ता वातावरणीय नकारात्मक असरबाट वच्नका लागि सरकारी प्रयासहरु भैरहेको भएतापनि यी प्रयाप्त छैनन् । यसै पृष्ठभूमिमा जलबायु परिवर्तनको असर बाट बच्न र विदेशी दातृ राष्ट्रहरुको ध्यान आकृष्ट गराउन नेपाल सरकारले सगरमाथाको आधार शिविर कालापत्थरमा २०६६ मंसिर १९ मा तत्कालिन मन्त्री परिषद्को (प्र.म.माधव कुमार नेपालको अध्यक्षतामा) बैठक बसि विभिन्न निर्णयहरु गर्‍यो ती निर्णयहरु यस प्रकार छन् ।

१. वातावरण संरक्षणकालागि  हाल २० प्रतिशतमा रहेको नेपालको संरक्षित क्षेत्रलाई बढाएर २५ प्रतिशत पुऱ्याउने,

२. नेपालको वन क्षेत्र बढाएर ४० प्रतिशत कायम राख्ने,

३. नेपालमा जलबायु परिवर्तले पार्ने असरलाई कम गर्न विश्व समुदायको ध्यान आकर्षण गराउने,

४. जलवायु परिवर्तनको कारण कृर्षि वन जलस्रोत र मानव स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावलाई ध्यान राख्दै अनुकुल कार्यक्रमहरु तय गरि सञ्चालनमा ल्याउने आदी । जस्ता विविध निर्णयहरु भए भने जलवायु परिवर्तन सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनहरुमा नेपालको सक्रिय सहभागिता रहि आएको छ भने जल वायु परिवर्नन सम्बन्धमा अन्तराष्ट्रिय सम्मेलनहरुमा नेपालको सक्रिय सहभागिता रहि आएको छ भने ती सन्धीहरुमा जल, वायु र वातावरण परिर्वन सम्बन्धि सन्धिहरुमा नेपालले हस्ताक्षर गरिसकेको छ । वातावरणमा प्रतिकुल परिवर्तनबाट  बच्नको लागि सामुदायिक वनको विकास र विस्तारले अति महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने भएकोले विश्वको जल्दोबल्दो समस्या जल, वायु, वन, वातावरणको संरक्षणको निम्ति सामुदायिक वनको विकास र विस्तार गर्नु आजको आवश्यकता हो ।

सामुदायिक वनको विकासमा स्थानिय जनताको सक्रिय सहभागिता जुट्ने, सजिलै सँग वनको संरक्षण र सम्बर्द्धन हुने । खाली ठाउँमा बृक्षारोपण, घाँस रोपणबाट हरियाली बढाउन सकिने, कृषिमा नयाँ प्रविधि भित्रिने, रासायनिक मलको सट्टामा प्रांगारिक मलको प्रयोग बढ्ने, बाली नाली सप्रने, खेतिपातीमा व्यवसायिकरण बढ्ने, जनताको आम्दानीमा, शिक्षामा, स्वास्थ्य लगायत अन्य क्षेत्रमा सक्रिय सहभागित बढ्ने र जनताको स्वाबलम्बनमा बृद्धि भई जिविकोपार्जनमा सुगमता आउने कुरामा दुईमत छैन । दैनिक आवश्यक पर्ने वस्तु घाँस, दाउरा, काठ, पोत्कर,

पाइने, स्वस्थ हावा पाइनुका साथै वन जंगल संरक्षण र उपयोग मा स्थानीय व्यक्तिको हक अधिकार सुनिश्चित हुने र वनजंगल प्रति अपनत्वको भावना विकास भई वन संरक्षण कार्य दिन दूई गुना रात चौगुनाका दरले बृद्धि हुने देखिन्छ (बाँनीया, २०७१) ।

हाम्रो देशको पर्यावरणीय सन्तुलन रहनमा ४५ प्रतिशत वनको भूमिका रहेको छ । तर हाल हाम्रो वन क्षेत्र ३९.६ प्रतिशतमा मात्र सिमित भईसकेको छ । यसवाट वन विनासको समस्या वढ्दो रुपमा रहेको देखिन्छ । हाम्रो जस्तो मुलुकको सन्तुलित विकासको लागि वन क्षेत्रको ठूलो भूमिका रहने हुँदाहुदै पनि आज यसको उचित व्यवस्थापन हुन नसकि ठूलो समस्या देखिएको छ । जसको प्रमुख कारणको रुपमा अशिक्षा, वेरोजगारी, गरिवी आदि प्रमुख कारणको रुपमा रहेका छन् । यी नेपाली अर्थतन्त्रका प्रमुख विशेषताहरु पनि हुन् । यस्तो अवस्थामा प्रत्येक नेपालीहरुमा वन सम्पदाको महत्व सम्वन्धी जनचेतनाका साथै सामूदायिक वन कार्यक्रमवाट हुने विभिन्न फाइदा वारेमा जानकारी गराउँन सकेमा कार्यक्रम सफल हुने साथै वन सम्पदाको पनि उचित व्यवस्थापन भई ग्रामिण क्षेत्रको आर्थिक-शैक्षिक आदि क्षेत्रमा पनि सुधार आउन सक्छ । कृषि व्यवसाय र वन एक आपसमा सम्वन्धीत भएकोले हाम्रो जस्तो कृषिप्रधान अर्थतन्त्र भएको देशमा प्रभावकारी सामूदायिक वन कार्यक्रमवाट अप्रत्यक्ष रुपमा कृषिक्षेत्रको सुधार गरी ग्रामिण जनताहरुको जीवनस्तरका साथै देशको अर्थतन्त्रमा पनि सुधार ल्याउन सकिने देखिन्छ ।

पछिल्लो राजनीतिक परिवेशको कारण पनि सामूदायिक वन कार्यक्रम निक्कै प्रवाभकारी छ । नेपालको शान्ति प्रकृयाको क्रममा सरकार र संसदीय राजनीतिक दलहरुले सामूदायिक वनलाई कहिल्लै पनि आफ्नो विषयवस्तु वनाएको देखिएन । बरु सरकार र राजनीतिक दलहरुले शान्तिबार्ता, दन्द्ध व्यवस्थापन एवम् शासन

प्रक्रियाका क्रममा गरेका अध्ययनहरुमा सामूदायिक वन विरोधी सुझावहरु प्रस्तुत गर्दै आएको देखिन्छ । यसले नेपालको सामूदायिक वन अभियानलाई कमजोर वनाएको छ भन्ने कुरा स्पष्ट गरेको छ ( सशस्त्र द्वन्दमा सामूदायिक वन उपभोक्ता महासघ नेपाल,२०६३) ।

सर्वप्रथम सामूदायिक वन कार्यक्रम पहाडी जिल्लाहरुमा मात्र सञ्चालित थियो । वि सं. २०५२/०५३ बाट मात्र तराईका जिल्लाहरुमा पनि वनलाई समूदायमा हस्तान्तरण गर्ने कार्य सुरु भएको हो तापनी भक्तपुर जिल्लामा २०४९ सालमा ३ वटा वनलाई समुदायमा हस्तान्तरण गरिएका थिए भने, ०६९।३।२९ सम्म १०३ वटा सामुदायिक वनहरु हस्तान्तरण भइसकेको जिल्ला वन कार्यावलय भक्तपुरको रेकर्डमा देखिन्छ । सामूदायिक वन उपभोक्ता महासंघ अन्तर्गत हाल तराईका २० वटा जिल्लाहरुमा जम्मा १ हजार ३४१ सामूदायिक वन समितिहरु गठन भएका छन् । ( सामूदायिक वनको बुलेटिन-अङ्क १४, २०६५/०६६) का अनुसार तराई क्षेत्रमा भईरहेको तिव्र जनसंख्या वृद्धिले सामूदायिक वन कार्यक्रम लागू भए पनि प्रभावकारी नभएको देखिन्छ । बढ्दो रुपमा भइरहेको वन विनास आज ठूलो समस्याको रुपमा रहेको छ । सामूदायिक वनहरु स्थापना भए पनि स्थानीय जनताहरुमा सामूदायिक वन समितिमा संलग्न हुदाँ त्यसबाट शैक्षिक, आर्थिक तथा सामाजिक क्षेत्रमा हुने प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा बारे जानकारी नभएको अवस्था छ । सामूदायिक वन कार्यक्रम सुधारबाट स्थानीय जनताहरुको आर्थिक स्तरमा पनि सुधार आएको र सामूदायिक वन समितिको सहयोगमा स्थानीय विद्यालयहरुको पनि शैक्षिक प्रक्रियामा केही मात्रामा भएपनि सहज भएको छ । यस्तो अवस्था हुँदाहुदै पनि विविध कारणले गर्दा सामूदायिक वनमा स्थानीय सम्पूर्ण जनताहरु समाहित नभएको कारणबाट यसबाट हुने फाइदा स्पष्ट हुन सकेको छैन । साथै सामूदायिक वन समितिले स्थानीय क्षेत्रमा गर्नुपर्ने आर्थिक साथै

अन्य प्रकारका सहयोग पनि सीमित भएको छ । यस्तो अवस्थामा गरिएको यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ (भण्डारी, २०७२) ।

क. भक्तपुर जिल्ला सिपाडोल गा.वि.स स्थित तौडोलछाप सामूदायिक वनले स्थानीय जनताको आर्थिक, सामाजिक तथा जिवन स्थिरको अवस्था कस्तो छ ?

ख. तौडोलछाप सामूदायिक वन उपभोक्ता समुहले के कस्ता समस्याहरु भ्केलिरहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको खास उद्देश्य सामूदायिक वन कार्यक्रम अर्न्तगत सामूदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको सामाजिक र आर्थिक विकासमा पुऱ्याएको योगदानको अध्ययन गर्नु रहेकोछ । अतः यो अध्ययनको उद्देश्य यस प्रकार रहेको छ :

१ तौडोलछाप सामूदायिक वन उपभोक्ता समुहले स्थानीय क्षेत्रको सामाजिक विकासमा पुऱ्याएको योगदान बारे अध्ययन गर्ने ।

२. समुदायको आर्थिक विकासमा पुऱ्याएको योगदानको अध्ययन गर्ने

## १.४ अध्ययनको महत्व

सामूदायिक वन कार्यक्रम वन सम्पदाको संरक्षण तथा विकास गर्ने एउटा महत्वपूर्ण नीति हो । वन सम्पदाको संरक्षण तथा विकासको साथ-साथै स्थानीय क्षेत्रमा जनताहरु पनि लाभन्वित हुने भएकोले देशको राष्ट्रिय अर्थतन्त्र विकासको लागि पनि यो एउटा महत्वपूर्ण कार्यक्रम सावित भएका छ । यो कार्यक्रम वि.सं. २०४९ को वन ऐन र वि.सं.२०५१ को वन नियमावली अनुसार प्रदान गरिएको हो । यस

कार्यक्रमको प्रमुख उद्देश्य सरोकार र स्थानीय समूदायबीचमा समन्वय गरी वन सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्दै यसबाट अधिकतम् फाइदा लिनु हो ।

विश्व वातावरणको विग्रदो अवस्थासँगै नेपालको वातावरण सन्तुलन राख्न यहाँको वन सम्पदाले ठूलो महत्व राख्दछ । यसै सर्न्दभमा सामूदायिक वन कार्यक्रममा स्थानीय जनसहभागीता बढाई स्थानीय जनताको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थामा वन सम्पदाको प्रत्यक्ष तथा अप्रत्यक्ष सम्वन्ध पहिचान गर्न आवश्यक देखिन्छ । हाम्रो जस्तो कृषि प्रधान देशमा कृषि र वन सम्पदाको सम्वन्ध पहिचान गरी कृषि क्षेत्रको विकासमा वन सम्पदाहरुको अधिकतम प्रयोगबाट कृषि क्षेत्रको विकास गर्नु पनि आजको आवश्यकता हो । आज सामूदायिक वन गठन र हस्तान्तरणको कारणले निम्न अवस्थामा स्पष्ट पार्ने देखिन्छ ।

क) यो वन हाम्रो हो ।

ख) यो सीमाभित्रको वन हामीले संरक्षण गर्नुपर्छ ।

ग) वन जोगायौँ भने भोली आउने सन्तानलाई दिगो र सन्तुलित विकासको लागि योगदान पुग्छ ।

भन्ने भावनाको विकास समूहमा हुदै आएर उपभोक्ताहरुबाट आफ्नो सिमानाभित्र रहेको वन-जंगललाई पूर्ण रुपले संरक्षण र सम्वर्द्धन तथा सदुपयोग गर्ने कार्यको तिब्र रुपमा विकास हुदै आएको छ । वनको सन्दर्भमा धनी-गरिवको भेदभाव क्रमशः हट्दै गएको देखिन्छ र यसबाट समाजमा आर्थिक, शैक्षिक तथा अन्य पक्षमा समानताको लहर फैलिदै गरेको पनि सहजै अनुमान लाउन सकिन्छ ।

यस अध्ययनमा तौडोलछाप सामूदायिक वन कार्यक्रममा सहभागीहरुको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । मुख्य रुपमा स्थानीय क्षेत्रका जनताहरु र उक्त क्षेत्रको बिकासमा सामुदायिक वन समितिबाट प्राप्त योगदान र त्यसबाट हुने

आर्थिक, सामाजिक तथा शैक्षिक उपलव्धिहरुको लेखाजोखा गरी सामूदायिक वन कार्यक्रममा जनसहभागीता बढाई सामूदायिक वन कार्यक्रमलाई सफल र प्रभावकारी वनाउन यस अध्ययनले महत्व राख्दछ । अत : यस अध्ययनले सामान्यतः नेपाल राज्यको, बिशेष गरी भक्तपुर जिल्लाको सिपाडोल गा.वि.स.को तौडोलसाप सामूदायिक वनको प्रभावक्षेत्र र त्यहाँका जनताको आर्थिक तथा सामाजिक अवस्था पहिचान गर्दै सामूदायिक वन समितिमा सहभागी हुन प्रेरित गर्नेछ । साथै सामुदायिक वन उपभोक्ता समुहलाई स्थानीय क्षेत्रको आर्थिक, सामाजिक तथा शैक्षिक बिकासमा अझ बढी सहभागी हुन प्रेरित गर्दछ अतः यस अध्ययनको महत्वलाई निम्न बुँदाहरुमा समेट्न सकिन्छ ।

क) यस अध्ययनले भक्तपुर जिल्ला सिपाडोल गा. वि. स. अन्तर्गतको तौडोलछाप सामुदायिक वन उपभोक्ता समुहको प्रभाव क्षेत्र तथा उक्त क्षेत्रभित्र रहेका महिलाहरुको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था पत्ता लगाउन मद्दत गर्नेछ । साथै त्यस क्षेत्रको समग्र विकासमा सामुदायिक वन उपभोक्ता समुहले पुऱ्याएको योगदान बिश्लेषण गर्न सहयोग गर्नेछ ।

ख) यस अध्ययनले यस सामुदायिक वन उपभोक्ता समुहले स्थानीयलाई गरेको विभिन्न सहयोगको व्याख्या गर्नेछ ।

ग) स्थानीय जनताहरुको सामूदायिक वनप्रतिको धारणा बुझ्न सहयोग गर्छ ।

घ) यस शोधकार्यको अध्ययनले सामूदायिक वन सम्बन्धि थप जानकारी प्राप्त गर्न चाहानेहरुका लागि फलदायि हुनेछ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन निम्न सीमाहरुमा रहेर यो अध्ययन कार्य सम्पन्न गरिएको छ । यो अध्ययन नेपालको भक्तपुर जिल्ला सिपाडोल गा.वि.स स्थित तौडोलछाप सामूदायिक वन उपभोक्ता समुहको क्षेत्रमा पर्ने वडा नं. ६, ८ र ९ मा मात्र सीमित रहेको छ । यस सा.व. उपभोक्ता समुहले स्थानीय क्षेत्रको विकासमा गरेको योगदानहरुलाई वनको बार्षिक प्रतिवेदनको आधारमा अध्ययन गरिएको छ । अध्ययन क्षेत्रको पहिलाको आर्थिक तथा सामाजिक अवस्थालाई ध्यान नदिइ सामुदायिक वन व्यवस्थापनमा महिलाको भुमिकामा मात्र केन्द्रीत गरिएको छ ।

## १.६ अध्ययनको सङ्गठन

यस अध्ययनलाई निम्न अध्यायका रुपमा संगठित गरिएको छ ।

पहिलो अध्यायमा परिचय रहेको छ । जस अर्न्तगत पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमाहरु, अध्ययन विधि र अध्ययनको संगठन राखिएका छन् । दोस्रो अध्यायमा सन्दर्भ साहित्यको अध्ययन रहेको छ । जसमा सामूदायिक वन कार्यक्रमको विकास क्रम र सामूदायिक वन कार्यक्रमसँग सम्बन्धीत पूर्व अध्ययनहरुको सारांश प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा अनुसंन्धान पद्धति रहेको छ । जस अर्न्तगत अध्ययन क्षेत्र छनौट, अनुसन्धान ढाँचा, नमूनाको आकार, तथ्यांङ्क संकलन विधि र तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण बारे चर्चा गरिएको छ । चौथो अध्यायमा तथ्यांङ्कको प्रस्तुतीकरण र विश्लेषण रहेको छ जसमा अध्ययन क्षेत्रको चिनारी लगायतका विषयवस्तु हरु रहेको छ र पाँचौ अध्यायमा सारांश एवं निष्कर्श रहेको छ । यसरी यो अध्ययनलाई जम्मा ५ अध्यायमा विभाजन गरी संगठित गरिएको छ ।

# अध्याय: दुई

# सन्दर्भ साहित्यको अध्ययन

यस अध्यायमा सामूदायिक वनसँग सम्बन्धीत पूर्व साहित्यलाई बिभिन्न एकाइ तथा उप-एकाइहरुमा बिश्लेषण गरिएको छ ।

## २.१ सामूदायिक वनको विकास कम

विश्वव्यापी सन्दर्भमा सामूदायिक वन नयाँ भए पनि अवधारणा भने पुरानो हो । पहिला-पहिला मानिसहरुले वन जङ्गललाई उनीहरुको आवश्यकता अनुसार प्रयोग गर्दथे । जनसंख्याको चाप बढ्दै जाँदा मानिसहरुले जीवन निर्वाहका लागि वन अतिकमण गर्न थाले जसले विभिन्न वातावरणीय समस्याहरु बढाउँन थाल्यो । सन् १९७० को दशकसम्म वातावरणीय विनास र पर्यावरण संरक्षण बारे थाह नै थिएन तर वन सम्पदाको महत्व सम्वन्धी चेतनाले सामाजिक र सामूदायिक वनको अवधारणा अगाडि ल्यायो । सिंह (१९९३) का अनुसार सन् १९७६ मा भारतीय राष्ट्रिय कृषि आयोगले सामाजिक वन शब्दको प्रयोग सर्वप्रथम गऱ्यो । (सिंह, १९९३)

## २.२. नेपालमा सामूदायिक वनको विकासक्रम

स्थानीय वन उपभोक्ताहरुले आजको सामूदायिक वन निर्धारण गर्नमा विभिन्न अवस्था, अनुभव र अप्ठ्याराहरु पार गरेका छन । त्यसैले सामूदायिक वनको विकासक्रमलाई हेर्न विगतका केहि कुराहरुको सन्दर्भ कोट्याउन सान्दर्भिक हुन जान्छ । यस अध्ययनमा नेपालमा सामूदायिक वनको विकास कमलाई निम्न पृष्ठभुमिमा निम्न रुपमा राख्न सकिन्छ ।

१. राणा शासन अघिको अवधि,

२. राणा शासनको अवधि,

३. वि.सं. २००७ साल देखि २०१७ साल सम्मको अवधि,

४. २०१७ सालदेखि २०३५ सालसम्मको अवधि,

५. २०४५ देखि हाल  सम्मको अवधि ।

o **प्राचिनकाल** (राणा शासन भन्दा अघिको अवधि)

पूर्वीय पौराणीक शास्त्रको आधारस्तम्भ मानिएका हिन्दु वा बौद्ध धर्मले वातावरण संरक्षण र वृक्षारोपणलाई पावन कर्मको रुपमा लिएको थियो । नेपालको सन्दर्भमा राष्ट्रिय एकिकरण पूर्वको अवधीमा स-साना राज्यका बासिन्दाहरुले साझा वन व्यवस्थापनका लागि आ-आफ्नो रैथाने प्रणालीहरुको विकास गरेका थिए । पूर्वी नेपालको लिम्बुवान क्षेत्रका वनहरु किपटको रुपमा आदिवासी जनजाति लिम्बूहरुले भोगचलन गर्दै आएका थिए । हिमाली जिल्लाका वनहरु खर्कको रुपमा  उपयोग हुदै आएका थिए जुन अहिले पनि त्यस्तै छन् । तराई र भित्री मधेशका कतिपय र मध्य पहाडका ठूला वन क्षेत्रहरु केही शासकहरुले विर्ता, जागिर र रकमको रुपमा व्यक्ति विशेषलाई दिएका थिए ।  परिमाणस्वरुप, २००७ साल सम्म नेपालको प्राय सबै जङ्गलहरु नीजि रुपमा वा विर्ताको रुपमा दर्ता गरिसकिएको थियो । यसले गर्दा स्थानीय स्तरबाटै वन व्वस्थापनको लागि विकास गरिएका संयन्त्र क्रियाशिल थिए ।

**२००७-२०४५ सालसम्मको अवधी पुरातन समयमा नेपालमा** जिम्मावाल, द्वारे, ठिठ्ाहरुको हातमा वनको उपभोग गर्ने अधिकार हुन्थ्यो । त्यस समयमा उनीहरुको चाकरी गरेको भरमा वन पैदावारको उपयोग गर्न पाइन्थ्यो । उनीहरुले जसलाई जति भन्थे त्यति मात्र वन पैदावार संकलन गर्न पाउथे । २००७ सालमा प्रजातान्त्रिक ब्यवस्थाको स्थापना भएपछि वन पैदावारको उपयोगमा केही खुकुलो पन आयो,

२०१२ सालमा वन डिभिजनको स्थापना भयो, तत्कालिन श्री ५ को सरकार बाट वनको रेखदेख गर्न दिने भन्ने नियमअनुसार सरकारी कर्मचारीलाई नै वनको रेखदेख गर्न खटाइने गरेको पाइन्छ । त्यतिबेला हरियो वन नेपालको धन भन्ने उक्तिको प्रचलन थियो । शुरुका समयमा प्रशस्त वन भएको हुनाले वनको हैसियत विग्रिएता भन्ने शंका गरिएन, न्युनतम शुल्क बुझाएपछि वन पैदावार निकाल्न मिल्थ्यो । यसै किसीम बाट गुज्रिरहेको वन ऐन २०१८ साल वन ऐन निर्माण भयो । वन ऐन, ०१८ मा राष्ट्रिय वन सुरक्षाको लागि बनाइएको कडा कडा नियमहरु लागु गरिए । पनि जनताको आवश्यकतालाई वैकल्पीक दिने कुनै वस्तु नभएको र जनता वनमा नगई नहुने अवस्थाले गर्दा वनका सरकारी कर्मचारी, सुरक्षा निकाय, जनता, चोरी, शिकारी र प्रहरीको भुमिकामा लामो समय सम्म गुज्रिदै गयो । वनको अवस्था क्रमश खस्कदै गईरहेकोले यी सबै कुरालाई ध्यान राख्दै जनतालाई वन भनेको हामी सवैको साझा सम्पत्ति हो यसलाई जोगाएर राख्नु पर्दछ भन्ने भावना विकास गराउनु पर्दछ भन्ने सोच राख्दै वि.सं. २०३५ सालमा वन ऐन २०१८ लाई शंसोधन गरि वन व्यवस्थापनको अधिकार र जिम्मेवारी स्थानिय निकाय वा स्थानिय पञ्चायतलाई दिने प्रक्रियाको आरम्भ भएको थियो । राजनीतिक अस्थिरता रहे पनि त्यस समयमा वन सम्वन्धी विभिन्न कानुनहरु बनाई लागु गरिएको थियो । यसै गरी पञ्चायती ब्यवस्थाको शुरु भएपछि वि.सं. २०४५ सालसम्म र त्यसपछि पनि विभिन्न कानुनी ब्यवस्थाहरु गरिएको थियो । यी दुवै समयमा बनेका कानुनी तथा नीतिगत ब्यवस्थाहरुको सामान्य झलक निम्न अनुसार रहेको छ । (सामुदायिक वन बुलेटिन अंक १४, ०६५।६६)

नेपालमा २००७ सालदेखि २०४५ सालसम्म आइपुग्दा विभिन्न रुपमा वन सम्वन्धी नीति तथा कानुनहरु बनाइए पनि वनको स्वामित्व, संरक्षणको दायित्व र उपयोग सम्वन्धी नीति, नियममा जनसहभागितालाई अंगिकार गर्न नसकेको हुँदा वन

विनाशको गति तीव्र नै भैरयो । वि.स. २०२२ सालसम्म ६५ लाख हेक्टर वनक्षेत्र भएकोमा वि.सं. २०४५ सालमा जम्मा ५५ लाख हेक्टर मात्र वन क्षेत्र बाँकी रहन गएवाट पनि यस कुराको पुष्टि गर्दछ । यसकारण सरकारले २०४२ साल देखि नै विभिन्न विदेशी दातृसंस्थाहरुको सहयोगमा नेपालको वन क्षेत्रको गुरुयोजना तयार गरी २०४६ सालदेखि लागु गऱ्यो ।

## O २०४६ साल पश्चात्को अवधी

२१ बर्षसम्मका लागि तयार गरिएको यस बन बिकास गुरुयोजनामा विकासका आधारहरुमा,

१) आधारभूत बन पैदावरको आर्पूती,

२) बन सम्पदाहरुको शसक्त उपयोग,

३) बन पैदावरको लाभांश वितरण र निर्णय प्रक्रियामा आम सहभागिता र

४) सामाजिक आर्थिक उन्नति निर्धारण ।

गरी विभाजन गरिएका छन् । यसरी लागू गरिएको यस गूरु योजनाको सबैभन्दा ठूलो उपलव्धी भनेको सामुदायिक बनलाई विषेश महत्व दिनु र उपभोक्ता समूहको संस्थागत विकासलाई मान्यता दिनु हो । यस प्रकार नेपालमा वि.स. २०५४ सालमा आएर बन विकास गुरुयोजनाद्धारा सामुदायिक बनको नीतिगत अवधारणालाई पूर्ण रुपमा आत्मसात गरियो भने वि.सं. २०४६ सालको अन्तरिम सरकारद्धारा पञ्चायती बन र पञ्चायत संरक्षित बनलाई सामुदायिक बन नामाकरण गर्ने परिपत्र जारी गऱ्यो । यसै गरी बन ऐन २०१८ को चौथो संशोधनले वि.सं. २०४८ सालमा कानुनी रुपमा नै सामुदायिक बन र उपभोक्ता समितिलाई कानुनी मान्यता प्रदान गऱ्यो । यसरी लामो प्रयास र अनुभवद्धारा खारिएर बन क्षेत्रमा कार्यरत उच्च पदस्थ अधिकारी वर्ग, सामाजिक कार्यकर्ता, कानुन तथा समाजशास्त्र

विशेषज्ञहरुले उपभोक्ताहरुलाई नै बन व्यवस्थापनको अधिकार नसुम्पेसम्म बन संरक्षण हुन सक्दैन भनी राख्दै आएको मान्यतालाई सरकारद्धारा पनि स्वीकार गरियो।

बन विकास गुरुयोजना बनाए पनि बन सम्बन्धी कानुनहरु भने विभिन्न रुपमा छरिएर रहेको र पुनः संशोधन गरी समयानुकुल नयाँ कानून बनाउनु पर्ने आवश्यकता थियो । त्यसैले बन सम्वन्धी पुराना २ वटा ऐनहरु बन ऐन, २०१८ र बन संरक्षण ब्यवस्था ऐन, २०२४ लाई खारेज गरी बन ऐन, २०४९ र पुराना ६ वटा नियमावलीहरुलाई खारेज गरी बन नियमावली, २०५१ को तर्जुमा गरी दुवैलाई एकैसाथ २०५१, साल चैत्र २० गतेदेखि नेपाल राज्य भर लागु गरिएको छ ।

यसरी बन सम्वन्धी कानूनको निर्माणको क्रमलाई हेर्दा सामुदायिक बन कानूनको उपजको रुपमा आएको हो कि भन्ने जस्तो देखिए तापनि वास्तविकता भने अर्कै छ । सामुदायिक बन प्रणाली वास्तवमा कानूनको उपज नभई स्थानिय गाउँका बन उपभोक्ताहरुको एक प्रकारको परम्परागत बन संरक्षण प्रणालीकै विकसित रुप हो र यसलाई २०४९ सालमा कानूनी रुपमा मान्यता प्रदान गरिएको हो । यसै कारण हाल यो प्रक्रियाको अध्ययन गर्न र जानकारी लिन बन क्षेत्रमा कार्यरत विभिन्न देशका उच्च पदस्थ व्यक्तिहरु नेपाल भ्रमणमा आइरहेका देखिन्छन् । जव लामो समयसम्म जनहीत अनुकुल सर्वसाधारणको भलाईका लागि, सार्वजानिक आचरण र समाज सापेक्ष रुपमा कुनै कार्य निरन्तर रुपमा चलिरहन्छ भने त्यस्तो अभ्यासलाई कानूनी मान्यता प्रदान गर्न सरकार बाध्य हुनु पर्छ भन्ने सत्यता सामुदायिक बनलाई प्राप्त कानूनी मान्यताले पुष्टि गरेको छ ।

कनै पनि अनुसन्धान कार्यको सन्दर्भ सामाग्री अति महत्वपूर्ण मानिन्छ । तिनै सामाग्रीहरुको सहायताले अनुसन्धान विषयको विश्लेषण गर्न र परिमाण पत्ता लगाउन सकिन्छ । यहाँ यस अध्ययनको शीर्षक सँग मिल्न खेज्ने केही अनुसंन्धानमुलक पूर्व सामाग्रीहरु प्रस्तुत गरिएको छ ।

१. सा.व.को उपलब्धिको उदाहरण दिदै भन्ने गरिन्छ  कि चिन्न गारो छ तर अवसरहरु हामी वरिपरि नै छन् ।

२. गरिवी केन्द्रित कार्यक्रम गर्दा उपभोक्ता छनौट कार्यक्रम, ऋण लगानी-र्फिता प्रक्रिया तथा दिगोपन जस्ता कुराहरुलाई गहिरिएर हेर्नुपर्छ ।

३. गरिव केन्द्रित काम गर्दा समूह स्तरमा तथा बाह्य रुपमा विभिन्न समस्याहरु आइपर्छन् ।

(तिमलसीना र अन्य,२०६४) ले *नेपालको सामूदायिक वन कार्यक्रमको विश्लेषण: २०५५-२०६०* सम्वन्धी लेखमा जनअधिकारलाई दीगो वनाउँनको लागि सबै सरोकारवालाहरुले अनुभवहरुबाट सिक्ने र त्यो सिकाइलाई लागु गर्न सकियो भने मात्र स्थानीय समूदायको जिविकोपार्जन र दिगो स्रोत व्यास्थापनमा प्रभाव पार्न सकिनेछ भन्ने निष्कर्ष निकालेको छ । सरोकारवालाहरुले सिकाईलाई  परिवर्तनको अङ्ग वनाउँन सकेनन् भने जतिसुकै राम्रा नीतिहरु आए पनि जनअधिकार कुण्ठित हुने सम्भावना रहन्छ भन्ने अध्ययनको निष्कर्ष रहेको छ ।

# अध्याय तीन

# अनुसंन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौट

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने भक्तपुर जिल्ला स्थित सिपाडोल गा.वि.स. वडा नं. ६, ८ र ९ मा रहेको तौडोलछाप सामुदायिक उपभोक्ता समुह र त्यसको प्रभाव क्षेत्रको सामाजिक तथा शैक्षिक अवस्थाको बिकासमा पुऱ्याएको योगदानलाई यस अध्ययनको क्षेत्रभित्र समेटिएको छ ।

अनुसन्धानकर्ताले उद्देश्यमुलक रुपमा यो क्षेत्र छनौट गरेको हो । यो क्षेत्र छनौट गर्नुको कारणहरुमा अध्ययन कर्ताको नजिकको क्षेत्र भएकोले यसबारेमा सुचना संकलन गर्न सहज र तथ्य र तथ्यांङ्कहरु संकलन गर्न सहज हुने भएकोले अनुसंन्धानकर्ताको कम खर्च, कम समयको लगानीबाटै अनुसन्धान कार्य पूरा गर्न सकिने भएकोले र रुचीको विषय साथै अनुसन्धान कर्ता स्वयंम पनि वन तथा वातावरण संरक्षण सम्बन्धि सामुदायिक वातावणीय चेतना अभिबृद्धि तथा व्यवस्थापन आयोजना (Community Environment Awardness And Management Project) जुन क्यानेडियन सहयोग नियोगको प्राविधिक र आर्थिक सहयोग मार्फत स्थानिय विकास मन्त्रालय द्वारा संचालित आयोजनामा लामो समय सम्म काम गरि अनुभव संहालेको भएको सन्दर्भमा यस विषयलाई छनौट गरिएको हो । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पारिरहेको वर्तमान अवस्थामा विश्वको प्राणी जगत नै विनाशको संभावित महाप्रलयको खतरा बाट जोगिन पुर्व सावधानी अपनाउने प्रमुख साधन सामुदायिक वनको संरक्षण र सम्बर्द्धन भएकोले यस अध्ययनको सार्न्दभिकता रहने देखिन्छ ।

## ३.२ अनुसंन्धानको ढाँचा र नमुनाको आकार

यस अध्ययनमा वर्णनात्मक किसिमले विरणात्मक अनुसन्धान ढाँचा  प्रयोग गरिएको छ । उपभोक्ता समितिका ११ जना व्यक्तिहरु, गा.वि.स. सचीव, यस सामुदायिक वनका वर्तमान कार्यसमितिका पदाधिकारीहरु गरि जम्मा १५ जनालाई यस अध्ययनको लागि लिइएको छ। यसका लागि स्वविवेकीय नमुना छनौट गरिएको छ।

## ३.४ तथ्यांङ्कको प्रकृति र श्रोतहरु

अध्ययनमा सहायक  तथ्यांङ्कहरुको प्रयोग गरिएको भएतापनि प्राथमिक तथ्याङ्कहरुलाई पनि आवश्यकता अनुसार सहयोग लिइएको छ।

तथ्याङ्कको सहायक स्रोतः यस सामूदायिक बन उपभोक्ता समुहको बार्षिक प्रतिवेदनहरु, माइन्युट,  प्रकाशनहरु, ब्रोसर, पोष्टर, पम्प्लेटहरु, क्यालेण्डर, बैठक-बहि आदिका साथै गाँउ विकास समितिबाट प्राप्त गरिएको तथ्याङ्कहरु, अन्य सम्वन्धीत यस्तै अध्ययनका प्रतिवेदनहरु, वार्षिक आय-व्यय लेखापरिक्षणको प्रतिवेदन, सम्बन्धीत लेख, पुस्तक, पत्र पत्रिकामा प्रकासित रचनाहरु, जिल्ला वन कार्यालय बाट प्राप्त वन सम्बन्धि रेकर्ड, जि.वि.स. आवधिक योजना, २०७२/७३ आदिलाई यहाँ अध्ययनको सहायक तथ्यांङ्को स्रोतहरु मानिएका छन् ।

## ३.५ तथ्यांक सङ्कलन विधि

### ३.५.१ अन्तरवार्ता सूची

अन्तरवार्ता सुचीलाई प्राथमिक तथ्याङ्क सङ्कलनको लागि एक महत्वपूर्ण विधिको रुपमा प्रयोग गरीएको छ । यो विधिमा निश्चित प्रश्नहरूको सूचि वनाई वन उपभोक्ता समूहका नमूना छनोटभित्र परेका प्रतिनिधिहरुका लागि मात्र प्रयोग

गरिएको गरि सूचना संकलन गरिएको छ । अन्तरवार्ता लिंदा व्यक्तिहरूले गर्ने गरेको दैनिक काममा कुनै बाधा नपारी उनीहरूको फुर्सदको समयलाई प्रयोग गरिएको छ ।

### ३.५.२ सामुहिक छलफल

यस विधि अनुसार स्थानीय बुद्धिजिवी, कर्मचारी, शिक्षक, गृहिणी, उपभोक्ता समूहका सदस्य आदिलाई  एकैठाउँमा भेला गरी थप जनकारी प्राप्त गरिएको थियो ।

### ३.५.३ मुख्य सूचनादाता

मुख्य सूचना सङ्कलनको लागि अध्ययन क्षेत्रका उपभोक्ता समितिको सदस्य तथा प्रमुख, शिक्षक, वनसँग सम्बन्धीत सूचनादाताको रूपमा छानिएका छन् ।

## ३.६ तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण

अध्ययनबाट प्राप्त तथ्यांकहरुलाई आवश्यकता अनुसार अध्ययनको उद्देश्य पूरा हुनेगरी विश्लेषण र व्याख्या गरिएको छ । संकलित परिमाणात्मक तथ्यांक (Quantitative data) लाई आवश्यकता अनुसार सरल तालिकाको माध्यमबाट प्रस्तुतिकरण गरिएको छ भने गुणात्मक तथ्यांङ्क (Qualitative data) लाई पनि तालिकामा देखाई विश्लेषण गरीएको छ ।

## ३.७  अध्ययनको सिमाहरू

हरेक अध्ययनको आआफ्नै सिमा हुन्छन् । मुख्यगरी अनुसन्धानकर्ताले स्नातकोत्तर तह समाजशास्त्र विषयको उपाधि प्राप्त गर्नको लागि गरेको र यस अध्ययनलाई एउटा गा.वि.स. भित्रको सानो क्षेत्रमा रहेको सामूदायिक वन उपभोक्ता समूहको सदस्यहरु मध्ये नमूना छनौटमा परेका सदस्यहरुको बारेमा मात्र अध्ययन सिमित रहेकोले यो अध्ययनलाई अन्य ठाउँसँग तुलना गरी सामान्यीकरण (Generalize) गरेर भने हेर्न मिल्दैन ।

# अध्यायः चार

# समाजिक-आर्थिक अवस्था

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

भक्तपुर जिल्लाको सिफाडोल गा.वि.स. स्थित तौडोलछाप सामुदायिक वन समुहको एक अध्ययन शोधशिर्षक रहेको भएतापनि जिल्लाको बारेमा सानो चिनारी विना शोधकार्य सफल मान्न सकिदैन । त्यसैले भक्तपुर जिल्लाको सानो परिचय गराउने प्रत्यत्न गरिएको छ ।

नेपाल राज्यको मध्यमाञ्चल विकास क्षेत्र, बाग्मति अञ्चलका ६ जिल्लाहरु मध्ये भक्तपुर एक ऐतिहासिक, धार्मिक, पर्यटकीय, व्यापारिक दृष्टिले सामरिक महत्व बोकेको जिल्ला हो । यो जिल्ला विश्व मानचित्रमा २७°२५ उत्तरी अंक्षास देखि २७°४९ मिनेट उत्तरी अंक्षास, ८२°४१ मिनेट पुर्वी देशान्तर देखि ८३° १४ मिनेट पूर्वी देशान्तरको विचमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १७८ वर्ग कि.मी. र यस जिल्लाको पूर्वमा काठमाडौ, उत्तरमा ललितपुर, दक्षिणमा काभ्रे, पश्चिममा नुवाकोट जिल्ला रहेको छ । यस जिल्लाको पूर्व पश्चिम सरदर लम्बाई ३३.५ माइल, उत्तर दक्षिण चौडाई २० माइल रहेको छ । अर्थात औषत लम्बाई ४८ कि.मी., औसत चौडाई ३४ कि.मी., ठुलो गा.वि.स. शिवपूर १२९.९ वर्ग कि.मी. सानो कृष्णा नगर गा.वि.स. ४.१४ वर्ग कि.मी. रहेको छ ।

राष्ट्रिय जनगणना, २०६८ का अनुसार जिल्लाको कुल जनसंख्या ४,८१,९७६ मध्ये २४७८७५ पुरुष, २३४१०१ जना महिला, कुल घरधुरी संख्या ७२९३२, औषत परिवार

सदस्य संख्या ६.६१ जना, जनसंख्या बृद्धिदर २.६१ प्रतिशत, जिल्लाको जनधनत्व २७७ जना प्रति वर्ग कि.मी. ।

जनसंख्याको आधारमा जिल्लाको स्थान १६ औ, लैगिक अनुपात (पुरुष/महिला)१०६/१००, कुल प्रजनन दर ४.५, विवाहको औसत दर १४.५ वर्ष, थोरै जनसंख्या भएको गा.वि.स. ज्वाभारी, ३९१ घरधुरीमा २७४३ जनसंख्या, धेरै जनसंख्या भएको गा.वि.स. महाराजगञ्ज २१०३ घरधुरीमा १३७०९ जना, जनधनत्व कम भएको गा.वि.स. दुविया २७.९, जनधनत्व धेरै भएको गा.वि.स. वाँणगगां, ११७८.६, औसत परिवार संख्या कम भएका गा.वि.स. मोतिपुर ५.३१ जना, औशत परिवार संख्या बढी भएको गा.वि.स. डुमरा ८.०८, जातजातिमा बहुसंख्यामा जातजाति र गा.वि.स. संख्या

सामाजिक र आर्थिक पुर्वाधार विकास र सुचकांकमा ५३ औ स्थानमा रहेको छ । जिल्लाको कुल साक्षरता प्रतिशत (०५८अनुसार) ४१.५, महिला साक्षरता प्रतिशत, २९.३, पूरुष साक्षरता प्रतिशत, ५२.९, बढी साक्षरता भएको गा.वि.स. बाँडगंगा ६७.१६ प्रतिशत, कम साक्षरता भएको गा.वि.स. गुन्दु १३.८४, साक्षरता प्रतिशत नेपालको महिला ३४.९, पुरुष ६२.७, रहेको छ। सामुदायिक वनमा आश्रीत घरधुरी संख्या २७५९६, जनसंख्या १६४५१८, ओगटेको क्षेत्रफल, ११३५९.७१ हे. रहेको छ।

सूर्य विनायक रेन्ज पोष्ट अन्तर्गत सामुदायिक वनको संख्या १०, जसमा १० सामुदायिक वनमा आश्रीत घरधुरी संख्या ४६२३ । सो घरधुरी संख्याको जम्मा जनसंख्या २६९४८ जना, सूर्य विनायक रेन्जपोष्ट अन्तर्गत १० सामुदायिक वनले ओगटेको जम्मा क्षेत्रफल १४२४.५२ हे.

## ४.२ तौडोलछाप सामुदायीक वनको परिचय

तौडोलछाप सामुदायिक वन यस अनुसन्धानको अध्ययन क्षेत्र भएकोले उक्त क्षेत्रको संक्षिप्त  परिचय यहाँ प्रस्तुत गरिएको छ । भक्तपुर जिल्लामा ०४२/२०५७/०५८ सम्म दर्ता र नविकरण भएका सामुदायिक वनको संख्या १०३ रहेको छ । भने सूर्य विनायक रेन्ज पोष्ट अन्तर्गत १० वटा सामुदायिक वन रहेका छन् ।  मिति २०५४।३।३० मा जिल्ला वन कार्यालयले समुदायमा हस्तान्तरण गरेको एक व्यवस्थीत र प्रभावकारी रुपमा संचालन गरिएको सामुदायिक वन तौडोलछाप सामुदायिक वन हो । विभिन्न प्राकृतिक श्रोतहरु जलश्रोत,  खनिज श्रोत, वन श्रोत आदि मध्ये वन श्रोत नेपालको एक महत्वपूर्ण प्राकृतिक सम्पदा र श्रोत मानीन्छ । पूर्वमा प्रेम शक्ति मन्दिर मुनिको नःखेल गा.वि.स. प्रवेश गर्ने बाटो, उत्तरमा कटुन्जेबाट मालिगाउँजाने ठाडोबाटो, उत्तरमा आवादी, गाउँ र वस्ती छ भने दक्षिणमा मालिगाउँबाट वडा नं. ६ जाने तेस्रो बाटो रहेको यस वनको कुल क्षेत्रफल ३१.०९ हे. रहेको यस वनमा २५१ उपभोक्ता समुहको घरधुरी संख्या रहेको छ ।  विभिन्न जातजाति समुदायका उपभोक्तहरुले २०५४ सालदेखि संरक्षण कार्यलाई अगाडि बढाई वनको संरक्षण गर्दै आएका छन् । त्यस समुहले विग्रदै गएको वनको अवस्थालाई सुधार गरि काठ, दाउरा चोरी निकासी, वनक्षेत्र अतिक्रमण, डडेलो नियन्त्रण समेत गर्दै सबै उपभोक्ताहरुलाई वन सम्पदा अमुल्य सम्पदा हो भन्ने चेतना जगाई यस सामुदायिक वनका सबै उपभोक्तहरुको सहभागितामा संरक्षण सम्बर्द्धन र सदुपयोग गरि सम्पूर्ण उपभोक्ताहरुको विशेषगरि अतिविपन्न र पछाडि परेका उत्पीडित वर्ग र समुदायको जिवनस्तर उठाउन प्राकृतिक मानविय, आर्थिक, सामाजिक र भौतिक पक्षको समेत विकास गर्ने लक्ष्य लिएको देखिन्छ । यस सामुदायिक वन उपभोक्ता समुहको उद्देश्य यस प्रकार छन् ।

१. स्थानिय रुपमा रहेका उपभोक्तालाई परिचालन गरि जनसहभागिताको माध्यमबाट यस श्री तौडोलछाप सामुदायिक  वनको दिगो व्यवस्थापन गर्ने,

२.वन उपभोक्ता समुहको विधान दर्ता गरि उक्त समुहको संस्थागत विकास गर्ने,

३.वन उपभोक्ता समुहका सम्पूर्ण सदस्यहरुका साथै विशेष गरि अतिविपन्न निमुखा, दलित तथा महिला लगाएतका उपभोक्ताहरुको सामुदायिक वनको श्रोतको माध्यमबाट विभिन्न आयआर्जन कार्यक्रमहरु संचालन गरि जिवनस्तर उठाउने,

४.विभिन्न सरकारी तथा गैर सरकारी सघंसस्था लगायत सरकारसँग सम्बन्ध समन्वय गरि समुह तथा वनको विकास गर्ने महान उद्देश्यका साथ २०५७ मा यस सामुदायिक वनको जिल्ला वन कार्यालयमा दर्ता भई दर्ता नं. ४२ र दर्ता मिति २०५७/१। २० रहेको छ । यसै सन्दर्भमा यस वनबाट सम्पन्नताको आधारलाई पनि यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ । जसमा उपभोक्ताको आर्थिक अवस्थाको विश्लेषण गरि सामुदायिक वन र सामाजिक आर्थिक विकास विचको सम्बन्धको चर्चा गर्न सहज हुन्छ । जसालाई तलको तालिकाबाट स्पष्ट पार्ने कोशिस गरिएको छ ।

## ४.३ सम्पन्नताको स्तरिकरण/सम्पन्नताको आधार

तालिका नं. १

उपभोक्ताहरुको आर्थिक सम्पन्नता स्तरिकरण निम्नानुसार रहेको छ ।

| उच्चवर्ग(क) | मध्यमवर्ग(ख) | निम्नवर्ग(ग) | विपन्नवर्ग(घ) | अतिविपन्नवर्ग(ङ) | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| १८ | २१ | ४२ | १२ | १२ | १०५ |
| १ विगा जग्गा भन्दा माथि, आधारभुत आवश्यकता पुरा गर्न सक्ने, उत्पादन भएका, आम्दानीलाई संचित गर्न, स्थायि रोजगारी भएको वर्ग | १० कठ्ठा भन्दा बढि १ विघा सम्म पक्की जग्गा भएका वर्ष दिन सम्म खान पुग्ने, स्थायि नकुरी भएका | ५ देखि १० कठ्ठा पक्की घर जग्गा भएको, ६ महिना सम्म खान पुग्ने, | १ देखि ५ कठ्ठा सम्म पक्कि जग्गा भएका, ३ महिना सम्म खान पुग्ने, झुप्रो घर भएको | भुमिहिन, झुप्रो घर बनाई, दैनिक ज्याला मजदुरी गरेर परिवार पाल्ने वर्ग | |

स्रोतः तौडोलछाप सामुदायिक वन कार्ययोजना, २०७०/७१

यस तालिकाबाट उपभोक्ताको आर्थिक हैसियत बृद्धिमा सामुदायिक वनले पुऱ्याएको योगदानको स्तरिकरण गरिएको छ ।

यसरी सामुदायिक वनका जम्मा उपभोक्ताहरुको घरधुरीहरुको आर्थिक सम्पन्ताको स्तरिकरण गरेको देखिन्छ । सोही अनुसार यस सामुदायिक वन उपभोक्ता समुहको सम्पन्नता स्तरिकरण खण्डीकरण तथ्याङ्क यस प्रकार देखाइएको छ ।

तालिका नं. २

सम्पन्नता स्तरिकरण तालिका

| सम्पन्नताको स्तर | धनि | | | | मध्यम | | | | विपन्न | | | | अति विपन्न | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | जम्मा | घरधुरी | म | पु | जम्मा | घरधुरी | म | पु | ज | घधु | म | पु | ज | घधु | म | पु | ज | घधु |
| दलित | - | - | – | – | – | – | – | – | | | | | ८ | २ | १० | ३ | ८ | २ | १० | ३ |
| जन जाति | ३० | ३१ | ६१ | ११ | २९ | ७७ | १०६ | १० | ७७ | ७९ | १५६ | ३२ | १८ | १६ | ३४ | ८ | १५४ | २०३ | ३५७ | ६१ |
| अन्य | २४ | ३० | ५४ | ६ | ३३ | ३५ | ६८ | १३ | ६२ | ५१ | ११३ | २१ | ३ | २ | ५ | १ | ११२ | ११८ | २४० | ४१ |
| जम्मा | ५४ | ६१ | ११५ | १७ | ६२ | ११२ | १७४ | २३ | १३९ | १३० | २६९ | ५३ | २९ | २० | ४९ | १२ | २८४ | ३२३ | ६०७ | १०५ |

स्रोत : सामुदायिक वन, २०७२

माथिको तालिका अनुसार दलित परिवारमा अतिविपन्न महिला ८, पु २ गरि जम्मा १० र  घरधुरी संख्या ३ रहेको देखिन्छ । यसैगरि जनजाति तर्फ महिला ३०, पुरुषमा ३१ गरि जम्मा ६१ जना धनीको संख्या रहेको देखिन्छ भने मध्ययम मा महिला २९, पुरुष ७७ गरि जम्मा १०६ रहेका छन् जसको घरधुरी संख्या १० मात्र रहेको देखिन्छ । त्यसैगरि अतिविपन्न मा महिला १८, पुरुष १६ गरि जम्मा ३४ र घरधुरी संख्या ८

रहेको देखिन्छ । यस बाट पनि सम्बन्धित क्षेत्रमा मध्यम वर्गको उपस्थिति अत्यधिक रहेको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने सामुदायिक वनका उपभोक्ताको सामाजिकम आर्थिक अवस्थाको सम्बन्ध देखाइएको छ ।

तलिका नं. ३

पशुपालन

| क्र.सं. | पशुको किसिम | स्थानिय | जम्मा संख्या |
|---|---|---|---|
| १. | गाई, गोरु | ५८ | ५८ |
| २. | भैसी, राँगा | १३१ | १३१ |
| ३. | भेडा, वाखा | ३१३ | ३१३ |
| ४. | बंगुर | २१ | २१ |
| जम्मा | | ५२३ | ५२३ |

स्रोतः तौडोलछाप सा.व.को कार्ययोजना, २०७०/७१

माथीको तालिका अनुसार सम्बन्धित क्षेत्रमा पशुपालनको अवस्थिति राम्रो रहेको देखिन्छ । जसमा गाई, गोरुको संख्या ५८, भैसी, राँगाको संख्या १३१, भेडा, बाख्राको संख्या ३१३, र बंगुर को संख्या २१ गरि जम्मा ५२३ वटा पशुपालन गरको देखिन्छ । यसबाट सामुदायिक वन उपभोक्ताको आर्थिक अवस्थामा उनीहरुले गरेको पशुपालनको अवस्था देखाएको छ । यसबाट के भन्न सकिन्छ भने स्थानीयहरुले सामुदायिक वनबाट लाभ लिन सकेको देखिन्छ ।

## ४.४ पेशा व्यवसाय गर्ने उमेर समुहका सदस्यहरु

यस सामुदायिक वन अन्तर्गत रहेका जम्मा  घरधुरी संख्या १०५ जनसंख्या ५४२ बाट पेशा/व्यसाय गर्ने उमेर समुहका सदस्यहरुः

तालिका नं. ४

उत्तरदाहरुको पेशा/व्यवसायको विवरण

| क्र.स. | पेशा | सदस्य संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १०५ | ५४.९७ |
| २. | व्यापार/व्यवसाय | १७ | ८.९० |
| ३. | नोकरी | ३३ | १७.२८ |
| ४. | ज्याला/मजदुरी | १२ | ६.२८ |
| ५. | भुपु सैनीक | १८ | ९.२४ |
| ६. | मर्मत गृहिणी | ६ | ३.१४ |
| ७. | जम्मा | १९१ | १०० |

स्रोतः सा.व.को कार्ययोजना, २०७०/७१

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको पेशा/व्यवसायको विवरण देखाइएको छ । जसमा उत्तरदाताहरुले सामुदायिक वन र कृषिमा आश्रीतहरुको संख्या उच्च देखिएको छ । उनीहरुले कृषि पेशा अंगाल्दै गर्दा सामुदायिक वनबाट वन पैदावारहरु जस्तै घाँस, सेउला, काठ इत्यादि वस्तुहरु प्राप्त गर्न सहज भएबाट कृषि पेशालाई निरन्तरता दिएको बताएका थिए ।

**o शिक्षा**

यस सामुदायिक वन उपभोक्ता समुहको सदस्यहरुको शैक्षिक अवसरहरुको प्रशस्त संभावनाहरु रहेका छन् । नजिकै गणेश मा.वि. सिपाडोलमा १०+२ सम्मको अध्ययन हुन्छ । विगत ४ वर्ष अघिदेखि सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत यस सामुदायिक वन उपभोक्ता समुहमा पनि १ पौढ शिक्षा कार्यक्रम सालबसाली रुपमा संचालन गर्दै आएको पाइयो । जसले साक्षरता अभियानलाई थप मद्दत गद्दत गर्दै लगेको पाइयो । १०५ घरधुरी मध्ये उच्च शिक्षा, स्नातकोत्तर उर्तिण संख्या ५ जना रहेकोमा सबै पुरुष रहेका छन् ।

अध्ययन गरिएका १०५ घरधुरीमध्ये स्नातक उर्तिण गर्ने १९ पुरुष, ६ महिला गरि २५ जना, प्रमाण पत्र वा सोसरह उर्तिण गर्ने, पुरुष ३२, महिला १८ गरि जम्मा ५० जना, एस.एल.सी. उर्तिण गर्ने ९२ जना, साधारण लेख पढ गर्न सक्ने ३५७ जना, हाल निरक्षर १३ जना, पुरुष साक्षरता प्रतिशत करिब ७५ र महिला साक्षरता प्रतिशत करिब ६५ रहेको छ ।

तालिका नं. ५

कृषि जग्गाको उपयोगको अवस्था

| भुमिहिन संख्या | १-५ रोपनी सम्म | ५-१० रोपनी सम्म | १०-१५ रोपनी सम्म | १५ रोपनी देखि २० रोपनी सम्म | २० रोपनी भन्दा बढि | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ | ३५ | ३९ | १२ | ६ | ८ | १०५ |

स्रोत : सामुदायिक वनको विधान, २०७० (परिमार्जनसहित)

### o कृषकहरुले उत्पादन गर्ने प्रमुख बालिहरु

धान, गहुँ, तोरी, मकैं, हालको घरधुरी संख्या १०५, महिला २८८ जना, पुरुष २७९ जना उक्त सामुदायिक वनको कार्यसञ्चालन समिति ११ जनाको गठन भई सक्रिय रुपमा कार्य गर्दै आएको र जसमा लिङ्गीय, जातिय रुपमा समावेशी भएको पाइयो । त्यसैगरि ५ पुरुष, २ महिला भएको ७ सदस्यीय सल्लाहकार समिति, २ महिला, १ पुरुष गरि जम्मा ३ सदस्यीय वन पैदावार आपूर्ति उपसमिति, खुमराज घिमिरे संयोजक रहेको २ पुरुष, १ महिला गरि ३ सदस्यीय आय आर्जन उपसमिति, ३ पूरुष मात्र रहेको टामर्जन राणा संयोजक रहेको अन्तरसमुह सहकार्य उपसमिति, नारायण

सिंह राणा संयोजक रहेको २ पूरुष १ महिला गरि ३ सदस्यीय अनुगमन मुल्याङ्कन उपसमिति, नेत्र प्रसाद घिमिरे संयोजक रहेको २ पूरुष, १ महिला गरि ३ सदस्यीय सामुदायिक वन विकास निर्माण उपसमिति, हेमलाल घिमिरे(पुर्व अध्यक्ष) संयोजक रहेको वन  पैदावार संकलन उपसमिति, २ पूरुष, झमानसिंह थापा संयोजक लेखा उपसमिति र एक जना वनहेरालु रही यस सामुदायिक वनको संस्थागत विकासमा सक्रिय सहभागिता रहेको देखिन्छ ।

## ४.५ सामुदायीक वन उपभोक्ता समुहको संस्थागत विकास

क) सामुदायिक भवन पक्की शौचालय सहित,

ख) वन हेरालु, संचालक समिति र उपसमितिहरु, सफाई औजारहरु १२ फेट, ठुलो औजार १, टेबुल ३, स्टील दराज १, पलाष्टिक कुर्सी ५५, वन टाचा १, मेसिन १, धन १, कोदालो १, सावेल १, छिनी ३, रसी एक ठुलो आरा १, यो वनको वन हेर्नी कामको थालनी २०५७ बाट र ०६५ मा भवन उद्घाटन, २०६६मा समुदायलाई वन हस्तान्तरण, यस सामुदायिक वनमा धेरै रुखहरु साल रहेका , अन्य रुखहरुमा अस्ना, कर्मा, कुसुम, बाँझी, मौवा, बर्रो, जामुन बृक्ष, बर्रो, राजबृक्ष, अस्ना पिपल, रैनी आदि । बुट्यानमा रैनी, बोट , भमेरो, खिर्रो,

ग)  जडिबुटिमा

हर्रो, बर्रो, अमला, प्यार ,सर्प गन्ध, खयर , बेल, अर्जुन, छतिवन, तितेपाती आदि ।

जनावर तथा चराचुरङ्गीमा

जंगली  सालक लगायतका  विभिन्न प्रजातिका सर्प, चितुवा, मृग, स्याल, खरायो, हरिण, निलगाई, जंगली घोडा, विभिन्न प्रजातिका चराचुरुङ्गीहरु आदि । यस

सामुदायिक वनले संचालन गरेका आर्थिक क्रियाकलाप र भौतिक पुर्वाधारहरु जिल्ला पशुसेवा कार्यालयको सहयोगमा व्यवसाहिक पशु पर्वदन कार्यक्रम अन्तर्गत पोसिलो घाँसको वगैचा स्थापना गर्ने र खालि क्षेत्रमा स्टाइलो, ज्वाइलो, नेपीयर जस्ता घाँसहरु रोप्ने कामहरु सम्पन्न गरिएको पाइयो । त्यस्तै ९३ हे.वनक्षेत्रमा तारवारको कार्यक्रम संचालन हुन लागेको देखियो । जसको लागत रु २ लाखको लागतमा सम्पन्न कार्यक्रम हुँदै गरेको पाइयो । १०५ हे. वन क्षेत्र मध्ये १२.५ हे. क्षेत्रमा जम्मा रुख संख्या १२८७ जसको वेसल क्षेत्रफल ३०९.२१ वर्ग मि. जसमा आयतन २४७१ घन मि. मा सक्रिय वन व्यवस्थापन कार्यक्रम संचालन गरिएको । सो सामुदायिक वनले शैक्षिक क्षेत्रमा परिवर्तनका लागि जनता उच्च मा.वि. पिपरा लाई शैक्षिक विकासका लागि रु. ४० हजार उपलब्ध गराईसकेको र रु.६० हजार यहि चालु आर्थिक वर्षमा दिने योजना बनाएको ।

त्यस्तै काठ विक्री वितरण गर्दा उपभोक्तालाई गरिवी स्तरिकरण गर्दा धनी वर्गलाई ए गेडको काठ प्रति क्यफिट रु. ३०० का दरले विक्रि वितरण गर्ने, धनी वर्गलाई वि ग्रेडको काठ प्रति क्युफिट रु.२५०, धनी  वर्गलाई सी ग्रेडको काठ प्रतिक्युफिट रु.२०० का दरले विक्री विवतरण गर्ने, ख वर्गलाई (मध्ययम वर्ग) ए ग्रेडको काठ प्रति क्युफिट रु.२५० का दरले ख वर्गलाई वि ग्रेडको काठ प्रति क्युफिट रु.२२५ का दरले, ख वर्गलाई सी ग्रेडको काठ प्रति क्युफिट रु. १५० का दरले,  ग वर्ग(विपन्न वर्गलाई) ए ग्रेडको काठ प्रतिक्युफिट रु.२०० का दरले, वि  ग्रेडको प्रतिक्युफिट रु.१५० का दरले, सि ग्रेडको काठ प्रति क्युफिट रु १२५ का दरले, अति विपन्न वर्गलाई २५ क्युफिट सम्म निःशुल्क काठ उपलब्ध गराउने, नीतिले गर्दा गरिब र निमुखा वर्गलाई समानता र समताको व्यवहार गर्न खोजेको राम्रो उदाहरण लिन सकिन्छ । विकास निर्माणका लागि हस्पिटल, विद्यालय, सामुदायिक भवन, जिल्ला वन कार्यालयको सिफारिसमा पच्चिस क्युफिट सम्म काठ निशुल्क उपलब्ध गराउन सक्ने

प्रावधान रहेको देखियो । चालु आर्थिक वर्ष ०७१/७२ मा ग्रामिण कृषकहरुको क्षमता विकास गर्न ग्रामिण कृषि विकास कार्यकता तालिम ४५ दिने २५ जनालाई दिइयो । जसमा व्यवसाहिय सिप विकास तालिम केन्द्रं बुटवलको साझेदारीमा सम्पन्न भएको थियो । जसमा संस्थाको लागत ४० हजार थियो । गत साल ०७०/७१ मा जडिबुटि सम्बन्धि तालिम १५ जनालाई उपलब्ध(सामुदायिक वनकै लागतमा) गराइएको थियो । काष्ठकला उद्योग संचालन तथा व्यवसाहि फर्निचर उद्योग तालिम १ जनालाई उपलब्ध गराइएको थियो । व्यवसाहियक रुपमा सामुदायिक फर्निचर उद्योग संचालन गरिएको र जसमा सार्वजनिक निजी साझेदारीमा सो फर्निचर उद्योग संचालन भएको पाइयो । जसले उपभोक्ताहरुलाई सजिलै काठबाट बन्ने सामानहरु सस्तो रुपमा उपलब्ध गराएको देखियो । गा.वि.स. स्थित तौडोलछाप वन उपभोक्ता समुहको प्रभाव क्षेत्रको आर्थिक, सामाजिक र शैक्षिक विकास गर्न समुह गठन गरि वचत संकलन, लगानी गरेको पाइयो । जसमा गंगा समुह, जमुना समुह, मिलनसार समुह र आत्म निर्भर समुह लगाएतका पाँच समुह गठन गरिएको पाइयो ।

ती प्रत्येक समुहलाई व्यवसाहिय रुपमा कृषि पशुपालन व्यवसाय प्रर्वदन गर्न ११ हजारका दरले प्रत्येक समुहलाई जम्मा ५५ हजारको घुम्ति कोष सो सामुदायिक वनले परिचालन गरेको छ । जसले प्रत्येक समुहले व्यक्तिगत वचत संकलन गर्ने, ऋृण लगानी गर्ने समेत गरेका छन् । मासिक सय कडा एकका दरले व्याजका दरले लगानी बढाउँदै लगेको देखिएको छ ।

व्यवसाहिय रुपमा धेरै कृषकहरु गाई र भैसी पालन गरेका छन् भने केही ले बँगुर पालन गरेको पनि देखियो । त्यस मध्ये २ जनाले कुखुरा पालन गरेको पनि पाइयो ।

### भौतिक पुर्वाधार तर्फ

गा.वि.स. स्थित मोटर बाटोको स्तर उन्नति गर्न विगत सालदेखि हालसम्म रु.३ लाख लागतमा सम्पन्न गरिएको यसको खर्च सामुदायिक वनले लगानी गरेृको, शसस्त्र प्रहरी  वेस क्याप अगाडि प्रतिक्षालय निर्माणमा काठ,श्रमदान उपलब्ध गराएको,  इलाका वन कार्यालयमा टि.टि. बोड निर्माण गरेको, रेन्जपोष्टलाई काठको दराज उपलब्ध  गराएको,  बजारको लागि निःशुल्क काठ उपलब्ध गराएको, वातावरण संरक्षणका लागि जनतालाई चेतना अभिबृद्धि गर्ने कामका साथसाथै ९ ओटा बायो ग्यास निर्माणमा प्रति प्लानलाई रु.५००० का दरले अनुदान सहयोग उपलब्ध  गराएको, महिलाहरुको स्वास्थ्यमा सुधार ल्याउने, दाउराको खपतमा कमि ल्याउने, वातावरण संरक्षण गर्ने उद्देश्यले २६ जना घर परिवारलाई प्रतिचुलो रु.४०० का दरले अनुदान उपलब्ध गराइ सुधारिएको चुलो निर्माण गराएको, तौडोलछाप जल उपभोक्ता समितिलाई मुल नहर मर्मतका लागि गत आ.व.मा ३५००० अनुदान सहयोग उपलब्ध गराएको, यस वनले स्थानीयको दैनिकी संचालनमा ठुलो सहयोग पुऱ्याएको कुरा स्थानियहरुको भनाई रहेको छ ।

## ४.६ उपभोक्ता समुहको सदस्यता

(सामुदायिक वन विधान, २०६६मा उल्लेख भए अनुसार )

उपभोक्ता समुहको सदस्यता

देहायको योग्यता पुगेको व्यक्ति-परिवार मात्र यस समुहको सदस्यता हुनेछन् ।

क) परापुर्व कालदेखि तथा यस सामुदायिक वनको नजिक स्थायि रुपमा बसोवास गरि वन संरक्षणमा योगदान पुऱ्याउने व्यक्ति,

ख) संगालोमा रहि पछि छुट्टि भिन्न भई वसेका र समितिमा निवेदन दिई वसेका परिवार,

ग) बसाईसरी आएका विधान कार्ययोजनामा उल्लेखित शर्तपालना गर्ने गरि समुह भेलाले निर्णय गरि जिल्ला वन कार्यालयले सहमति दिएको घर परिवार,

घ) समुहको गाउँ, क्षेत्र बाहिर बसाईसरी गएको र विधान र कार्ययोजना विपरित ३ पटक कसुर गरेमा स्वत उपभोक्ता सदस्यता खाँरेज हुनेछ,

ङ) यस समुहको सदस्यता नभएतापनि सामुदायिक वन क्षेत्र नभएका यस जिल्ला भित्रका छिमेकी गाउँ विकास समितिका घर परिवारलाई यस समुहलाई वढि काठ, दाउरा, समुह भेलाले निर्णय गरि कार्ययोजनाको मुल्य लिई उपयोग गर्न दिन सक्नेछ ।

**सदस्यता शुल्क**

यस समुह भित्र बाहिर बाट बसाइ सराई भई आएका व्यक्तिले उपभोक्ता सदस्यता बापट रु.१००।- अक्षरुपी एक हजार तथा प्रत्येक वर्ष नविकरण शुल्क रु. १०० लाग्ने छ । छुट्टिभिन्न भएको हकमा निशुल्क सदस्यता दिइनेछ । तर सदस्यता नविकरण भने लाग्ने छ । जस्ता प्रावधानहरु राखिएका छन् ।

## ४.७ समुहका काम, कर्तव्य र अधिकार

उपभोक्ता विधान तथा वन कार्ययोजना तयार गर्ने, आवश्यकता अनुसार विधान र कार्ययोजना संशोधन र नविकरण गर्ने, विधान र वन कार्ययोजनामा उल्लेखीत शर्त, नियम तथा कार्यक्रमहरु योजनाहरु कार्यान्वयन गर्ने गराउने, कार्यहरुको अनुगमन, मुल्यांङ्कन र समिक्षा गर्ने, उपभोक्ता समुह तथा सामुदायिक वनको हितको लागि

समिति गठन, विघटन, पुर्नगठन साथै काम, कतर्व्य र अधिकार समेत तोक्ने, आवश्यक परेमा उपसमितिहरु गठन, विघटन गर्ने, उपभोक्ताहरुको समुह भेला, साधारण सभामा अनिवार्य रुपमा उपस्थित भई निर्णायक भुमिका निर्वाह गर्ने जस्तै सदस्यता प्रदान, कोषको परिचालन, शर्त र नियम निर्माण तथा परिवर्तन तथा वन विकास कार्यहरु आदि प्रचलित ऐन, नियमको पालना गर्ने, समितिले गरेको प्रत्येक निर्णय र कार्यहरुको जानकारी लिने, वनको संरक्षण, सम्बर्द्धन, सदुपयोग तथा सामुदायिक विकासको सहभागितामा जुट्ने, कार्य समितिका पदाधिकारीहरुले राजीनामा दिएका स्वीकृति गर्ने, विधान कार्य योजना विपरित समितिका पदाधिकारीहरुले कार्य गरे गराएमा शुरु कारवाहि उपभोक्ता समुहले गर्ने, गर्न नसकेमा हानी नोक्सानी विवरण सहित निखित रुपमा कारवाहीका लागि प्रमाण साथ जिल्ला वन कार्यालयमा पेश गर्ने सम्मका अधिकारहरु उपभोक्ता समितिका सदस्यहरुले प्रयोग गर्न सक्ने विधान पारित गरेको देखियो ।

## ४.८ समुह भेला वा उपभोक्ताहरुको सर्वोच्च निकाय

समुहको भेला वा साधारण सभा वर्षको २ पटक वस्ने गर्दछ । आकस्मिक रुपमा पनि समुह भेला वस्न सक्छ । यसलाई हिउँदे भेला र वर्षे भेला पनि भन्ने गरिन्छ । नियमित समुह भेलाको भए ५१ प्रतिशत उपस्थिति भएका गणपुरक संख्या पुगेको मानिने, दोस्रो पटक भए ४१ प्रतिशत र तेस्रो पटक भए २५ प्रतिशत गणपुरक संख्या मानिने प्रावधान रहेकामा सो उपभोक्ता समुहको साधारण भेला वि.स. २०६८ असोजमा १२ औं साधारण सभा सम्पन्न भएको देखियो ।

## ४.९ समुह भेलाको कार्यविधि

समुह भेलापुर्व समितिले भेलाको कार्यसुची उल्लेख गरि कम्तिमा ७ दिन अगाडि नै उपभोक्तालाई जानकारी दिनुपर्ने छ। एकै परिवारका महिला पुरुष अन्य सदस्यहरु उपस्थित भएतापनि कुनै विषयमा मत दिनुपरेमा एक घरपरिवार बाट एक मत दिन सकिनेछ। भेलामा अनुस्थिति रहेमा रु.५० जरिवाना तिर्नुपर्ने, कारण सहित अगावै सुचना दिएमा जरिवाना नलाग्ने व्यवस्थाको प्रावधान राखिएको देखियो।

## ४.१० समितिको गठन विधि

समिति पदाधिकारीको योग्यता

उपभोक्ता समितिमा महिला, दलित आदि बासी जनजाति पिछडिएको वर्गलाई प्रतिनिधित्व हुने गरि गठन गरिने छ। एकै परिवार बाट दोहोरो जिम्मेवारी प्राप्त गर्न पाइने छैन्। साधारण लेख पढ्न गर्न सक्ने हुनु पर्ने छ। उपभोक्ताहरु प्रति उत्तरदायि र वन व्यवस्थापनमा सक्रिय भुमिका खेल्न सक्ने हुनुपर्ने छ। उपभोक्तालाई प्रोत्साहित नियन्त्रण गर्न सक्ने तालिम तथा प्रचार प्रसार गर्न सक्ने सक्षम व्यक्ति हुनुपर्ने छ। वन मुद्दा लागेका व्यक्ति समितिमा रहने छैनन्। कम्तिमा १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने र सोका लागि नागरिकता प्रमाण पत्र लाई आधार लिइनेछ। समितिको पदावधि २ वर्षको हुनेछ।

## ४.११ समितिका सदस्यहरु पदबाट हट्ने अवस्थाहरु

मृत्यु भएमा, बसाईसरी अनेत्र गएमा, मानसिक सन्तुलन गुमाएको प्रमाणीत भएमा, पदीय आचरण पूरा गर्न नसकेको भनी वैठकमा अनुपस्थित रहेमा, विना सूचना

लगातार ३ पटक बैठकमा अनुपस्थित रहेमा, नैतिक पतन देखिने फौजदारी मुद्दा लागेमा, वन अपराध सम्बन्धि पटके मुद्दा लागेमा ।

## ४.१२ उपभोक्ता समितिको विघटन

कार्य समितिका वहुसंख्यक पदाधिकारीले राजीनामा दिएमा, अवधि पूरा भएमा, समुह भेलाबाट अविस्वास प्रस्ताव पारित भएमा, समितिका उपाध्यक्ष, सचीव, कोषाध्यक्ष, सह सचीव, सदस्यले समितिका अध्यक्ष समक्ष र अध्यक्षले समितिको वैठक मार्फत राजीनामा पेश गर्नुपर्नेछ ।

समुहको दैनिक कार्य संचालन गर्न प्रतिनिधिको रुपमा आम सहमतिबाट निश्पक्ष एवं कर्मठ वन उपभोक्ता समिति गठन गरिने छ । आम सहमति नभएमा दुई तिहाई बहुमत  र सो पनी नभएमा सामान्य बहुमतबाट मनोनयन गरिने छ । सो पनि नभएमा निर्वाचन प्रणालीबाट समिति गठन गरिने र उक्त समितिमा ३३ प्रतिशत महिलालाई उपलब्ध गराइने छ । अध्यक्ष, सचीव वा कोषाध्यक्ष मध्ये कुनै एक पद महिलालाई अनिवार्य रुपमा दिनुपर्ने प्रावधान राखिएको छ । दलित, गरिव, र दलित महिला र विपन्न परिवार बाट ४० प्रतिशत सदस्यता रहनेछ ।

### उपभोक्ता समितिको काम,कर्तव्य र अधिकार

क) स्वीकृत विधान र कार्ययोजना अनुसार, समुह परिचालन गरि योजना कार्यान्वयन, अनुगमन मुल्याङ्कन र समिक्षा गर्ने,

ग) सामुदायिक वनको संरक्षण, सम्बर्द्धन, सदुपयोगको व्यवस्था मिलाउने,

घ) वन अपराध भएमा अनुसंन्धान गरि कारवाही किनारा लगाउने,

ङ) जिल्ला वन कार्यालय, इलाका वन कार्यालय, रेन्जपोष्ट स्थानीय निकाय, समन्वय समिति, गैरसरकारी सस्था, आयोजना लगायत सरोकार वाला संस्थासँग समन्वय गरि समुह र वनको विकास गर्ने, वर्षको २ पटक समुह भेला बोलाउने, आकस्मिक समुह भेला बोलाउने, नियमित रुपमा मासिक बैठक राख्ने, बैठकको अध्यक्षता गर्ने, समुह भित्र अनुसासन कायम राख्ने, समुहको तर्फ बाट सरोकारवालाहरु सँग प्रत्राचार गर्ने, सम्बन्ध र समन्वय कायम गर्ने, मत बाँझिएमा निर्णायक मत दिने, समुहको सम्पत्ति छाप, टाँचा को संरक्षण गर्ने, समुहको नाममा बैक खाता खोली आर्थिक जिम्मेबारी निर्वाह गर्ने, समुहको प्रमुह जिम्मेवार र न्यायिक नेतृत्व निर्वाह गर्ने, यसैगरि उपाध्यक्ष, सचीव, कोषाध्यक्ष र सदस्यहरुको समेत विधानमा काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिएको पाइयो ।

## ४.१३ उपभोक्ता समुहको कार्यविधि

आकस्मिक वैठक बाहेक पत्येक महिना नियमित रुपमा एक पटक समितिको वैठक अनिवार्य रुपमा वस्ने छ । समितिको वैठकमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । साधारण तया महिनाको एक पटक पहिलो शनीवार वैठक वस्ने छ । समुहको नाममा प्राप्त हुन आएको रकम प्राप्त भएको मितिले ७ दिन भित्र बैंक खातामा जम्मा गर्नुपर्ने छ, सकभर कारोवार बैंक मार्फत नै गर्नु पर्ने छ । वैठकका निर्णयहरु बैठक पुस्तिकामा अभिलेख गरिनेछ । वन सम्बन्धि कुनै समस्या पर्न आई समाधान गर्न नसकिएमा नजिकको वन कार्यालयमा जानकारी गराई संयुक्त रुपमा समस्या समाधान गर्ने उपाय थालिनेछ । प्राविधिक सहयोग चाहिएमा जिल्ला वन कार्यालय, इलाका वन कार्यालय, रेन्ज पोष्ट लाई अनुरोध गरिनेछ । समितिले समयमा समुह भेला गराई भदौ महिनाको पहिलो हप्ता भित्र आर्थिक वर्षको वार्षिक प्रतिवेदन ले.प. प्रतिवेदन, आगामी वर्षको योजना, वजेट

कार्यक्रम तर्जुमा गरि भेला बाट अनुमोदन गराउनु पर्नेछ । समुह भेला तथा समिति वैठकमा उपस्थित भइदिन सम्बन्धित रेन्जपोष्ट, निर्वाचित स्थानिय निकायका प्रतिनिधि समेतलाई अनुरोध  गर्ने, प्राविधिक तथा राय सल्लाह लिई निर्णय गरिने प्रावधान राखिएको छ ।

तालिका नं.५

जात, जाति, भाषा, धर्म महिला र पुरुषहरुको उपस्थिति

| क्र.सं | जात | महिला | पुरुष | जम्मा | घरधुरी | भषा | धर्म | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १. | नेवार | ९० | ८६ | १७६ | ३४ | नेपाली | हिन्दु | ३२ |
| २. | ब्राम्हण | १५० | १५१ | ३०१ | ५९ | नेपाली/मगर | बौद्ध | ५६ |
| ३. | क्षति | ३ | २ | ५ | १ | थारु | बौद्ध | १ |
| ४. | बि.क | ८ | २ | १० | ३ | नेपाली | हिन्दु | ३ |
| ५. | तामाङ | १० | ८ | १८ | ३ | नेपाली | हिन्दु | ३ |
| ६. | मिजार | ५ | २ | ७ | १ | नेपाली | हिन्दु | १ |
| ७. | कुमाल | ६ | ८ | १४ | ३ | नेपाली | हिन्दु | ३ |
| ८. | अन्य | ६ | ५ | ११ | १ | नेपाली | हिन्दु | १ |
| जम्मा | | २७८ | २६४ | ५४२ | १०५ | - | - | १०० |

o स्रोतः सामुदायिक वन, २०७०

माथिको तालिकामा यस सामुदायिक वनमा आश्रीत १०५ घरधुरी मध्ये नेवारको संख्या सबभन्दा बढी ३०१ जना बाहुनको संख्या १७६ जना, क्षेत्री १८ जना, कुमाल

१४ जना, कुवर ११ जना, वि.क. १० जना, ठकुरी, ६ जना र थारु ५ जना देखिन्छ । त्यसैले त्यहाँ मिश्रित धर्म, मिश्रित जात र समुदायको बसोबास छ भन्न सकिन्छ ।

## ४.१४ वन अपराधलाई नियन्त्रण गर्न अपनाइने उपायहरु

यस समुहले वन अपराधलाई नियन्त्रण गर्न निम्न उपायहरु अवलम्बन गरिनेछ ।

पालो पहरा वा वन हेरालुको व्यवस्था गरेर, चोरी निकासीको बारेमा सुराकी दिने तथा प्रक्राउ गराउने लाई जरिवानाको २५  प्रतिशत रकम पुरस्कार प्रदान गरेर, विधान तथा वन कार्ययोजना विपरित कार्यगरेको ठहरेमा, विधान वन कार्ययोजनाको नियम अनुसार दण्ड सजाय गरेर, उपभोक्ता समुह भित्र अभिमुखि करण तालिम, भ्रमण, गोष्ठि,सडक नाटक, पर्वचन, भिडियो टेप, पोष्टर पम्लेट जस्ता प्रसार प्रचार जस्ता सामाग्रीबाट जनचेतना अभिबृद्धि गरेर, वन अतिक्रमण रोक्न सिमाना, स्थाहि साँध वा चिनो राखेर, प्रचलित ऐन, नियम, निर्देशीका, विधान, वन कार्ययोजना तथा वन कार्यालयबाट प्राप्त परिपत्रहरु समुह भेला बैठक आदिमा जानकारी गराएर, वनमा आवत जावत हुने स्थानमा सुचना पाटी राखेर, अनियन्त्रीत चरिचरणलाई नियन्त्रण गर्न कान्जिहाउस निर्माण गरेर,

## ४.१५ उपभोक्ता समुहका सदस्यहरुलाई दिने सजाय

समुहको वन कार्ययोजनामा उल्लेख गरि मनाही गरिएका कार्यहरु गरेमा सो कसुरमा सोही वन कार्ययोजना बमोजिम दण्डसजाय गरिनेछ । उपभोक्ता सदस्यहरुलाई सजाय दिदा पुरा गर्नु पर्ने कार्यविधिहरु : यस समुहको सामदाहिक वन भित्र वन कार्ययोजना विपरित कसुर गर्ने समुह सदस्यलाई तपसिल बमोजिम कार्यविधि अपनाई कारवाही गरिने छ । कसुरको सम्बन्धमा सबुत प्रमाण जम्मा गर्ने, घटनास्थलमा क्षति भएको प्रकृति मुचुल्का तथा बरामती मुचुल्का उठाउँने, बयान

लिने, आवश्यक परेमा सर्जिमिन बुझ्ने, शंकास्पद ठाउँको आवश्यक परेमा खानतलासी लिने, अभियुक्तलाई सफाइको मौका दिइनेछ । कार्यसमितिको वैठक बसि छलफल गरि निर्णय लिइने छ । दण्ड सजाय समितिले गर्न नसकेमा समुह भेला बोलाई सजाय तोक्ने सो कार्य समुह विधान बमोजिम अधिनमा रहि तोक्ने, अभियुक्तले सो निर्णय नस्विकार्यमा समुहमार्फत सम्बन्धित निकायमा मुद्दा दायर गर्ने र मुद्दा दायर गर्दा लाग्ने खर्च समुहको कोष बाटै व्यहोरिने, कसुरदाले तोकीएको दण्ड जरिवाना तिर्न तत्काल स्विकार गरि तिरेमा माथि उल्लेखित कार्यविधि पुरा नगरेता पनि विधान वन कार्ययोजना बमोजिम भएको मानिने, यस सामुदायिक वन समुहको विभिन्न कार्यसंचालन गर्न निम्न स्रोतबाट कोष को व्यवस्था गरिएको छ ।

१. प्रवेश शुल्क, सदस्य शुल्कबाट प्राप्त रकम,

२. वनपैदावार विक्री वितरण बाट प्राप्त रकम,

३.दण्ड, जरिवाना बाट प्राप्त रकम,

४. जिल्ला वन कार्यालयबाट प्राप्त रकम, अन्य सरकारी, गैरसरकारी संघ , सस्थाबाट प्राप्त रकम,

५.पुरस्कारबाट प्राप्त रकम,

६. दान दातव्यबाट प्राप्त रकम,

७. वन संरक्षण मनोरञ्जनबाट प्राप्त रकम,

८. कुनै सहकारीता सम्बन्धि लगानी रकमबाट प्रतिफल रकम,

९. अन्य कुनै स्रोत बाट प्राप्त रकम,

१०. समुह मा आय आर्जन, लगानी बाट व्याज प्रतिफल रकम, हरेक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र समुहले तोकेको व्यक्तिबाट आन्तरिक लेखा परिक्षण गराई दर्तावाला लेखापरीक्षक बाट लेखापरिक्षण गराउनु पर्ने छ। सो समुह भेलाबाट अनुमोदन गरि गराई त्यसको एक प्रति जिल्ला वन कार्यालयमा पठाउनु पर्ने छ र लेखा परिक्षण गराउदा समितिका सम्पूर्ण पदाधिकारीहरुको रोहवरमा समुह भित्रै गरिने छ।

आर्थिक वर्ष ०७१।७२ मा आन्तरिक तथा अन्तिम ले.प.बाट यस समुहको आम्दानी र खर्चको विवरण यस प्रकार रहेको देखिन्छ। रजिर्ष्टर्ड लेखा परिक्षक, सदस्यता नं. ५२०७ Cop no. 1650 लक्ष्मण गौतम, अर्घाखाचीका लेखापरिक्षकबाट यस सामुदायिक वन उपभोक्ता समुह, भक्तपुरको लेखापरिक्षण गरि आ.व. ०७२/७३ पेश गरेको लेखा परिक्षण अनुसार सो सामुदायिक वनको आय व्ययको विवरण यस प्रकार रहेको देखियो। आ.व. २०७२/७३ मा जम्मा आम्दानी ४,७४६२७ रुपैया १०पैसा र जम्मा खर्च ३९६,९८४ रुपैया ७६ पैसा बैंक मौज्यात ६९५०० रुपैया ७९ पैसा, नगद मौज्याद ८१४१ रुपैया ५५ पैसा देखियो (यस सम्बन्धि विस्तृत विवरण अनुसुचीहरुमा राखिएको छ)।

यस समुहमा रहेको कोषको रकम नजिकको वैंक, ४मा समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतमा वनकार्यालयको सिफारिसमा बचत खाता खोली रकम जम्मा गरिने छ। कोषाध्यक्षको जिम्मा बढिमा ५००० हजार नबडाई नगद राख्न सकिने छ। अरु बाँकी रकम बैंकमा दाखिला गर्नु पर्ने देखियो।

## ४.१६ कोषको रकम उपयोग सम्बन्धि व्यवस्था

समुहको कोषबाट वार्षिक आम्दानीको ३० प्रतिशत रकम वनको विकास कार्यक्रममा अनिवार्य रुपमा खर्च गर्नुपर्ने, बाँकी रहेको ७० प्रतिशत रकम मध्ये ३० प्रतिशत रकम दलित, गरिब,  गरिब महिला, विपन्न परीवारको हितको लागि विभिन्न आय मुलक कार्यक्रम, धुम्ति कोष तथा चेतना मुलक कार्यक्रम तथा जागरण ल्याउने कार्य खर्च गरिने, बाँकी रहेको ४० प्रतिशत रकम मध्येबाट १० प्रतिशत रकम बैकल्पीक उर्जा जस्तै गोबर ग्याँस, सुधारियको चुलो, ब्रिकेट कोइला आदिको प्रर्वद्धनमा खर्च गरिने छ । सो बाट बाँकी रहेको ३० प्रतिशत रकम मध्येबाट कार्यालय संचालन भैपरि खर्च, समुदायको हितको निम्ति सामुदायिक विकास कार्यमा खर्च गरिने छ । आय मुलुक कार्यक्रमहरु जस्तै उद्यमशिलता  विकास जडिबुटी खेति, घाँस खेति, सामुदायिक वन क्षेत्रमा पनि  गर्न सकिने छ भने नगदेवाली, फलफूलखेती, मौसमी, वेमैसमी तरकारी खेति, माहुरी पालन, बँगुर पालन, बाखा पालन, कुखुरा पालन, जडिबुटि खेति, आफ्नै घर खेतबारीमा गर्न सकिनेछ । माथीको कुनैपनि कार्यमा आर्थिक कारोबार गर्दा आम्दानी खर्चलाई प्रमाणीत गर्ने रसिद बिल भरपाई सहितका कागजात तथा सोको विवरण दुरुस्त राखि प्रत्येक वैठकमा अनुमोदन गराउनु पर्ने कुरा विधानमा  उल्लेख छ ।

यस समुहको सामुदायिक भवन पायक पर्ने स्थानमा बनाइएको छ । जसमा फर्निचर लगायत साइनबोर्ड, दर्ता किताब, चलानी किताब, छाप, बैठक र भेला पुस्तिका, जिन्सी आम्दानी खाता, आगन्तुक पुस्तिका, निरीक्षण पुस्तिका, वन पालेपहरा पुस्तिका, वन विकास कार्य पुस्तिका, छोट पुर्जि, नगदी रसिद, काठदाउराको लागि रजिष्टर्ड, आयव्यय बैंक नगदि खाताको समेत व्यवस्था गरेको देखियो । यस विधानमा व्यवस्था गरिएका बुदाहरुमा कुनै थपघट गर्नु परेमा समुह

भेलाको कम्तिमा दुईतिहाई सदस्यहरुको निर्णयले विधान संशोधन गरि जिल्ला वन कार्यालय लिखित जानकारी लगाई  वन कार्यालय ले स्वीकृति दिएपछि संशोधन भई कार्यान्वयमा आएको मानिने छ ।

**<u>संमान कार्यक्रमहरु</u>**

- सहायक वन अधिकृत विजयराज सुवेदीलाई सम्मान पत्र, कदरप्रत्र प्रदान, सहायक वन अधिकृत ज्ञानसिंह गुरुङलाई सम्मान र कदर पत्र प्रदान,
- समुह भित्र प्रत्येक वर्ष १ महिला, १ पुरुषलाई वन व्यवस्थापन र समुह व्यवस्थापन र कार्यसमितिलाई सहयोग गरे बापत नगद पुरस्कार रु. एक-एक हजार दिने व्यवस्था गरिएको,
- पूर्व अध्यक्ष र संस्थापक सदस्यहरुलाई प्रत्येक साधारण सभाका दिन सम्मान पत्र प्रदान गर्दै आएको,
- हरेक उपभोक्ता हरुलाई परिचय पत्र उपलब्ध गराईएको र प्रत्येक वर्ष रु.१०० मा नविकरण गर्ने व्यवस्था समेत गरिएको,
- यसरी यस सामुदायिक वनले प्रत्येक उपभोक्ताहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा भौतिक पूर्वाधारमा समेत उपलब्धि हासिल गरेको र त्यहाँका सर्व साधारण ग्रामिण जनताको आय स्तरमा बृद्धि गरि जिविकोपार्जनमा स्वावलम्बि बनाउनमा ठुलो योगदान पुऱ्याएको छ । भने वन र वातावरणमा सकारात्मक प्रभाव पारेको प्रष्ट रुपमा देख्न सकिन्छ ।

## विविध

### ४.१७ अध्ययन क्षेत्रको प्रमुख प्राकृतिक सम्पदाहरु

स्थानीय क्षेत्रको विकास र स्थानीय जनताको आर्थिक साथै अन्य अवस्थामा स्थानीय प्रकृतिक सम्पदाहरुले महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययनमा त्यहाँ रहेका मुख्य प्राकृतिक सम्पदाहरु भूमि जल, वनको चर्चा गर्ने प्रयास गरिएको छ ।

**o भूमि**

अध्ययन क्षेत्रमा अवल, द्धायम, सिम र चाहार गरी ४ प्रकारको भुमि अर्थात जमिन पाइन्छ । यहाँको माटो कृषि पेशाको दृष्टिकोणले उर्पयुक्त रहेको छ । यहाँको माटो कृषिको दृष्टिकोणले अत्यन्त उपयुक्त छ । व्यवसायिक रुपमा तरकारी खेति, पशुपालन, फलफूल खेतिको लागि उपयुक्त वातावरण भएतापनि कृषकहरु त्यस तर्फ आकर्षित हुन सकिरहेका छैनन् । परम्परागत रुपमै धान, गहुँ, तोरी, मसुरो, मकै आदि खेतिपातीमा मान्छेहरु व्यस्तदेखिन्छन् भने अन्य पेशामा व्यापार, व्यवसाय, वैदेशिक रोजगारमा आकर्षण बढेको छ ।

**o जल**

जलस्रोतले पनि अध्ययन क्षेत्र धनी रहेको छ ।  यहाँ चापाकल, कलभट, बोरिङ, जस्ता विभिन्न जलका स्रोतहरु प्रयोग भएको पाइन्छ । जमिनको माथिल्लो सतहमै पानि प्रशस्तै हुने हुँदा सिँचाईको लागि यहाँका जनतालाई आकाशको भर पर्नुपर्दैन । यहाँको पानीको मुख्य स्रोतहरु हुन भने खानेपानीको पनि राम्रो व्यवस्था रहेको छ ।

**o वन**

इन्धन, काठ, दाउरा आदिको स्रोत सोही सामुदायिक वन रहेको १०५ हे. जग्गामा सामुदायिक वनले ओगटेको छ । भने १०५ हे. मध्ये १२.५ हे. जग्गामा सक्रिय वन व्यवस्थापन कार्यक्रम लागु भएकोले वार्षिक रुपमा कटानी हुने रुख अघि नै टाँचा

गरि कटानी गरिने भएकोले जनतालाई काठ, दाउरा उपलब्ध हुन सक्ने देखिन्छ। भने जुन अनुपातमा बुढा रुखहरु काटिन्छन् । सोहि अनुपात भन्दा बढि अनुपातमा बृक्षारोपण गरिने हुँदा वन जंगलमा हरियालीले निरन्तरता पाउँने देखिन्छ । नवजागृति सामुदायिक वन खण्ड एक को १२.५ हे. वन क्षेत्रमा सक्रिय वन व्यवस्थापन कार्य सञ्चालनको लागि जिल्ला वन कार्यालयले स्विकृति प्रदान गरिसकेको छ। नवजागृति सामुदायिक वन उपभोक्ता समुह गोवडीहवा, वाँणगगांको संरर्क्षण व्यवस्थापन र सदुपयोग गर्ने उद्देश्यले जिल्ला वन कार्यालयको ०७२।१।२०को निर्णय अनुसार १०५ हे. राष्ट्रिय वनलाई सामुदायिक वनको रुपमा हस्तान्तरण भएकोमा खण्ड एकको १२.५ हे.मा पुनरुत्पादन विरुवा, लाथ्रा र पोल नरहेको तथा बुढो रुखहरु मात्रै रहेको तथा सालजस्ता प्रकाश चाहिने Light beam demenber SPPS प्रजाति छन् । प्रजातिको क्षेत्र धनत्व बढिरहेकोले पुनरुत्पादन ल्याउनको लागि हाललाई खण्ड एक को १२.५ हे. वन क्षेत्रमा सक्रिय वन व्यवस्थापन गर्न १० वर्षे भिजन सहित गरिने क्रियाकलाप पूर्ण गणना गरि सो तथ्यांङ्कको विश्लेषण गरि यो Working Scheme तयार गरिएको छ। यो Scheme मुल कार्ययोजनाको अधिनमा रहि तयार गरिएकोले उक्त कार्ययोजना नविकरण गर्दा सो मा समावेश गरि नविकरण गर्नुपर्ने छ । कार्ययोजनाको म्याद रहेसम्मको अवधिकोलागि मात्र यो Working Scheme स्विकृति प्रंदान गरिएको छ । वि.सं. २०६९।१२।५ मा जिल्ला वन कार्यालयले यो स्किमलाई स्विकृति प्रदान गरेको देखिन्छ ।

## ४.१८ सक्रिय वन व्यवस्थापन आयोजनाको भुमिका

जनसहभागितामा आधारित वन व्यवस्थापन अवधारणा बमोजिम सामुदायिक वन विकास कार्यक्रमहरु एक सफल कार्यक्रमको रुपमा संचालन भइरहेको छ । यस अवधारणा बमोजिम बनको संरक्षण, व्यवस्थापन र सदुपयोगमा स्थानिय उपभोक्ताहरुको पत्येक्ष संलग्नता रहेको छ । संरक्षण तथा सदुपयोगको काम तुलनात्मक रुपमा प्रभावकारी रुपमा भएको पाइएको छ भने दिगो वन व्यवस्थापनको कार्यमा भने खासै प्रभावकारिता आउन सकेको महसुस गरिएन यसको मुलकारण नविन र सृजनशिल हिसावले वनको सक्रिय व्यवस्थापन गर्न स्पष्ट वन व्यवस्थापन योजनाको अभाव र त्यसलाई लागु गर्ने प्रतिवद्धताको अभाव मुख्य देखिएको छ। हाल बन्ने गरेका वन कार्ययोजनाले प्रशासनीक र कटान नियन्त्रणका बढि मात्रामा ध्यान केन्द्रित गरेको र बनको अवस्था बमोजिम प्राविधिक रुपले उचित क्रियाकलाप रुपले त्यति स्पष्ट रुपमा उल्लेख नभएको अवस्था देखियो । यसै विषयलाई मध्ये नजर गरि यस नवजागृति सामुदायिक वनले सक्रिय वन व्यवस्थापन योजना तयार गरि लागु गरेको छ। अन्य सामुदायिक वन भन्दा यस अर्थमा यस सामुदायिक वन सफल र पृथक वनको रुपमा विकास हुन सकेको देखियो ।

यस सामुदायिक वनको जम्मा क्षेत्रफल १०५हे. छ भने आ.व.२०५७।५८मा सामुदायिक वनमा हस्तान्तरित हुन पुगेको हो । यस वनको कुल १०५हे. क्षेत्रफल अन्य क्षेत्रमा केही पुनरुत्पादन पोल, ठुला रुख आदिको सम्रिण रहेको देखिन्छ । जुन वनको दिगोपनाको हिसावले राम्रै हो तर पनि यस योजनाले केन्द्रित गरेको १२.५ हे. क्षेत्रफल भने सम्पूर्ण रुपमा बुढा रुखहरु रहेको भुईमा पुनरुत्पादनको त कुरै छोडौ घाँस समेत नभएको पुनरुत्पादनको लागि आवश्यक विउ उत्पादन गर्न सक्ने रुखहरु समेत नभेटिने अवस्था रहेको छ । त्यसैले यस क्षेत्रमा उचित व्यवस्थापन कार्य गरि

यथासक्य चाँडो पुनरुत्पादन ल्याई वनलाई जोगाउँनु पर्ने आवश्यकता देखिएको छ। त्यसैले यसैक्षेत्रलाई केन्द्रित गरि यो योजना बनाइएको  देखिन्छ।

## ४.१९ वनको विग्रदो अवस्था र जोडिएका समस्याहरु

विद्यमान स्विकृति वन कार्य योजना बमोजिम काम गर्दा समेत  वनको अवस्था दिन प्रतिदिन विग्रदो छ। यो कुराको स्पष्ट संकेत भनेको पुनरुत्पादन नहुनु नै हो, वनमा बुढा रुखहरु मात्र रहनु हो। यसको विग्रदो अवस्थाको लागि मुख्य जिम्मेवारी लिने कारणहरु यस प्रकार देखिए।

क) वन संरक्षण विशेष गरी चरिचरण,

ख) जथाभावी आवागमन

ग) काठदाउरा संकलनको खराब विधि

घ) वनमा मौजुदा रुखको संख्या अवस्था प्रकारको मात्रा

सामुदायिक वनको रुपमा हस्तान्तरण भए पछि चोरी कटनी  पूरै रोकिएको छ। आगलागि रोकीएको छ चरिचरण भने पटक्कै रोकिएको छैन। चरिचरन रोक्न असम्भव प्राय बनेको छ। वन क्षेत्रभित्रबाट मानिस, चौपाय, सवारी साधन टयाक्ट्र अगाडि जथाभावी र जहातहिबाट हिड्ने र हिडाउने समस्या टड्कारो रुपमा देखिएको छ। यि कुरा पुनरउत्पादन प्रर्वद्धन र संरक्षणको हिसावले जटिल समस्याको रुपमा देखिएको छ। पुनरउत्पादन नहुने, आएको चरिचरणले रुख अभाव हुने र भुईमा घाँस समेत नरहने भएको जस्तो समस्या तराईको अधिकांश जंगलको समस्याको रुपमा रहेको छ।

विद्यमान कार्य योजनाले वार्षिक रुपमा कटान गर्ने काठ दाउराको माग निर्धारण गरेको छ। उपभोक्ता समुहको सक्रियता र सोच, सो क्षेत्र वरिपरी तारवार

गर्ने सोच अतः वन व्यवस्थापनको आवश्यक पर्ने रकम समुहले नै व्यर्होन समुह तयार भएको छ ।

## O वन क्षेत्रको सर्वेक्षण विधि

रुख एकिन, इनामेल र नम्बर कायम गरियो, व्यास र उचाई मापन गरियो, जसको कारणले यी रुखहरु कटान गर्ने र यि रुख राख्ने भनि प्रष्ट पारियो । रुखको प्रजातिय वर्गिकरण समेत गरियो ।

वन श्रोत सर्वेक्षण बाट प्राप्त नतिजा, वन श्रोत सर्वेक्षणको विवरण अनुसूची मा राखिएको छ । यस क्षेत्रमा जम्मा १३८७ रुखहरु छन् जसमा केशल क्षेत्रफल ३०९.२१ वर्ग मिटर छ, जसमा आयतन २४७३.७१ धन मिटर छ । प्रति हेक्टर रुख संख्या १०५ वेसल क्षेत्रफल २५.१४ व.कि.मी. छ भने आयतन २०१.१२ धन मिटर छ ।

# अध्याय पाँच
# सारांश र निष्कर्ष

भक्तपुर जिल्लाको तौडोलछाप सामुदायिक वन बाणगगां गा. वि. स. अन्तरगत वडा नं. ६, ८ र ९ मा अवस्थित यस सामूदायिक बन उपभोक्ता समितिले स्थानीय क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदान बारेमा यो अध्ययनमा प्राथामिक तथा सहायक दुवैखाले तथ्यांङ्कहरुलाई विश्लेषणात्मक र वर्णणात्मक दुवै तरिकाले व्याख्या गरी आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरिएको छ । यस अध्यायमा यसरी गरिएको विश्लेषणको आधारमा उपलव्ध प्राप्तिहरुलाई प्रस्तुत गरिएको छ । विषयवस्तुको प्रस्तुतिकरण र अध्ययनको सहजताका लागि सारांश तथा निष्कर्ष र सुझावहरुलाई अलग अलग उप-शीर्षकमा समेटिएको छ ।

## ५.१ सारांश

अध्ययनका लागि छनौट गरिएको सामूदायिक बन, बन सञ्चालनको अभिभारा बोकेको उपभोक्ता समिति तथा बन उपभोक्ता समितिको विभिन्न समुहहरुमा समुहबद्ध सर्वसाधाहरण उपभोक्ताहरु यस अध्ययनकोलागि जति महत्वपूर्ण छन् त्यती नै महत्वपूर्ण उक्त क्षेत्रका स्थानीय बासिन्दाहरु छन्, जसको सहयोगविना यो अध्ययन पूरा हुन विल्कुल सम्भव थिएन । सिपाडोल गा.वि.स.को बडा नं. ६, ८ र ९ का जम्मा बासिन्दाहरु मध्ये बन उपभोक्ता समुहमा सूचीकृत उपभोक्ताहरुको अनुपातमा उपभोक्ता समिति बाहिरबाट स्थानीय बासिन्दाहरु अध्ययनका लागि नमुनाको स्रोतको रुपमा उपयोग गरिएको छ । अध्ययनको मुख्य उद्देश्य सामुदायिक बन उपभोक्ता समुहले स्थानीय क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदानको विश्लेषण गर्नु रहेको छ । अध्ययनको क्रममा संकलित प्राथमिक तथा सहायक तथ्यांङ्क

र अन्य विभिन्न विधिहरुबाट संकलन गरिएको तथ्याङ्कहरुले देखाए अनुसार स्थानीय क्षेत्रको आर्थिक-सामाजिक विकासमा सामूदायिक बन उपभोक्ता समितिले उल्लेख्य योगदान रहेको देखिन्छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनको मुख्य प्राप्तिहरुलाई निष्कर्षका रुपमा तल बुँदागत प्रस्तुत गदै केही सुधारका लागि सुझावहरु पनि बुँदागत रुपमै प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

यस सामुदायिक बन उपभोक्ता समुहले स्थानीय क्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान गरेको देखिन्छ । बन समितिको उक्त अभियानबाट स्थानीयबासी तथा उपभोक्ताहरुले आफ्नो अर्थोपार्जनमा धेरै सहजता महसुस गरेका छन् । आर्थिक विकासमा वनले पुऱ्याएको योगदानलाई विभिन्न बुँदामा उल्लेख गरिएको छ ।

- मोटर बाटो तथा कलभट निर्माण सामाजिक कार्य भए तापनि यसबाट स्थानीय क्षेत्रको आर्थिक विकासमा राम्रो टेवा पुगेको छ । समितिको आर्थिक तथा प्राविधिक सहयोगमा विगतका बर्षमा मात्र विभिन्न कार्यक्रम यस शीर्षकमा सम्पन्न भएका छन् । बाटोको सहुलियतले बजारसँगको पहूँच स्थापना भई सामान ढुवानीमा सहजता र सरलता आएको देखिन्छ ।
- सक्रिय वन व्यवस्थापन लागु भएको रु. १२.५ हेक्टर र अन्य क्षेत्रमा गरि ९३ हेक्टर तारवार हुँदै गएकोले सो क्षेत्रमा हुने खुला चरिचरण नियन्त्रण हुनेछ र साना विरुवा हुर्कन सक्ने छन् ।
- समितिको सहयोगमा विस्तारित खानेपानी योजनाको पानी गाँउमा आएपछि साँग-सब्जीको उत्पादन वृद्धि भई आय आर्जन समेत बढेको छ ।
- समितिको अनुदान कार्यक्रमबाट प्रभावित भई गोवर ग्यास आयोजना निमार्ण गरेका उपभोक्ताहरुको बार्षिक रुपमा आउँने ऊर्जा बापतको खर्चमा ठूलो मात्रामा कटौती आएको छ ।

- वनले सञ्चालन गरेको गरिवी निवारण, घुम्तिकोष कार्यक्रमबाट हालसम्ममा व्यक्तिगत रुपमा उपभोक्ताहरु तथा सामूहिक रुपमा उपभोक्ता समूहका सदस्यहरु लाभान्वित भईसकेका छन् । यस अन्तरगतको बाखा तथा बंगुर पालन कार्यक्रमले उपभोक्ताहरुको गरिवी न्यूनिकरणमा सकारात्मक र उल्लेख्य भूमिका निर्वाह गर्ने गरेको देखिन्छ ।
- उपभोक्ताहरुलाई सहूलियत दरमा उपलब्ध गराइएको काठ, दाउरा पनि अर्थोपार्जनको स्रोत बनेको देखिन्छ । सहूलियत दरमा व्यक्तिगत प्रयोजनमा उपभोक्ताको लागि  उपलब्ध गराईएको यस्तो काठ, दाउराहरु र स्याउलाहरु उपभोक्ताहरुले चर्को मुल्यमा बजारमा विक्री गरी अर्थोपार्जन गर्ने गरेको पाइन्छ ।

बन उपभोक्ता समुहले स्थानीय क्षेत्रको सामाजिक विकासमा पनि उल्लेख्य योगदान गरेको छ । यस अन्तरगत मुख्य रुपमा बनले निम्नानुसार योगदान गरेको देखिन्छ । स्थानीय विद्यालयहरुलाई भवन निर्मांण, मर्मत तथा फर्निचर निर्माणमा बनले रु. ४० हजार नगद र  काठ उपलव्ध गराएको छ । यसबाट विद्यायलको दैनिक पठन-पाठनमा उल्लेख्य सहयोग पुगेको छ र थप अनुदान दिदैछ जसले विद्यालयको भौतिक र शैक्षिक सुधारमा थप टेवा मिल्ने छ ।  वातावरण प्रर्दुषण नियन्त्रण गरी ऊर्जा संकटलाई समाधान गर्ने उद्देश्यले ९ जना उपभोक्ताहरुलाई जनही ५,००० का दरले गोवर ग्यास आयोजना अनुदान प्रदान गरिएको छ । २६ जनालाई ४०० का दरले सुधारिएको चुलो निर्माणको लागि अनुदान गएको छ जसमा दाउरा खपतमा सहयोग र महिलाहरुको स्वास्थ्यमा सहयोग पुग्ने छ । गोवर दिदा जल उपभोक्ता समितिलाई मूल नहर मर्मतको लागि रु ३५०००।- अक्षरुपी रु. पैतिस हजार मात्र अनुदान गएको छ, जसबाट सम्बन्धित क्षेत्रमा  सिचांईमा सहयोग पुग्ने छ ।

# सन्दर्भ ग्रन्थ सूची


कँडेल, बलराम,रामु सुवेदी(२०७२), **सामूदायिकका कियाकलापहरु**,काठमाण्डौं, सामूदायिक बन महासंघ

ढुङ्गाना, हरिप्रसाद र शंकरप्रसाद दाहाल (२०६५), **सामूदायिक बनको नीती तथा कानूनी सुधार**,काठमाण्डौं, सामूदायिक बन महासंघ ।

सिंह, थानेश्वर (२०७२), **सामुदायिक वन र मानवीय जीवन एक समाजसास्त्रीय अध्ययन**, त्रि.वि.: समाजशास्त्र विभाग, कीर्तिपुर ।

न्यौपाने, के. पी. र एल. एन.बस्याल (२०७०), **सामुदायिक बनद्धारा जीविकोपार्जनमा योगदान**, धादिङ जिल्लामा उप-जलाधार श्रोत व्यवस्थापन आयोगको अनुभव, सामुदायिक बनको पच्चिस बर्षहरु,काठमाण्डौं, सामुदायिक बन महासंघ ।

बानियाँ, नारायण (२०७१), **उपभोक्ताको आर्थिक स्तर उकास्न सामूदायिक बनको योगदान**,काठमाण्डौं, सामूदायिक बन महांसघ ।

भण्डारी, एस.पी. (२०७२), **दिगो सामूदायिक बन व्यवस्थापनमा देखिएका कमजोरी**,काठमाण्डौं, सामूदायिक बन महासंघ ।

रावत, मन बहादुर, **सामूदायिक बन विकासमा सार्वजनिक उत्तरदायित्वको अपरिहार्यता**, सामुदायिक बन बुलेटिन अकं १४, २०६५/०६६, काठमाण्डौः पैरवी प्रकाशन ।

शर्मा, अरुण र  राम बहादुर थापा(२०६०)**गरिवी न्यूनिकरणका लागि सामूदायिक बन विकास**,काठमाण्डौं, सामूदायिक बन महाशाखा ।

**सामूदायिक बन विकास कार्यक्रमः एक चिनारी** । अंक १४, आ.व. २०६५/०६६ ।

**सामूदायिक बन बुलेटिन**, अंक १४, आ व २०६५/०६६ः सामुदायिक बन महाशाखा,काठमाण्डौं, बन तथा भू-संरक्षण मन्त्रालय ।

सामूदायिक बन उपभोक्ता महासंघ (२०६०)**नेपालमा सामुदायिक बन सम्वन्धी कानूनी व्यवस्था**,काठमाडौं, सा.व. उ. महासंघ राष्ट्रिय कार्यसमितिको कार्यालय ।

नव जागृति सामुदायिक वन वाणगगां पिपरा कपिलवस्तुको विधान, २०६६

नव जागृति सामुदायिक वनको कार्ययोजना, २०६६

आवधिक जिल्ला विकास योजना, कपिलवस्तु, २०६८

तिमिल्सीना र अन्य, २०६४

## अनुसूची-१

**श्री तौडोलछाप सामूदायिक बन उपभोक्ता समुह [illegible] दस्यहरुलाई सोधिएको प्रश्नावली**

१. व्यक्तिगत विवरण

क उपभोक्तको नाम थर :　　　ख ठेगानाः　　　ग सदस्यता प्राप्त मितिः

२. तपाईको परिवारको विवरण दिनुहोसः

| क्र.स | नम | पेशा | शिक्षा | उमेर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

३.तपाईको परिवारको बार्षिक आम्दानी कति छ?

..................................................................................................

४ परिवारको आम्दानीका स्रोतहरु के के हुन?

..................................................................................................

५.सामूदायिक बनबाट प्रत्यक्ष/अप्रत्यक्ष बार्षिक रुपमा के कति आर्थिक लाभ लिने गर्नुभएको छ?

..................................................................................................

६. सामुदायिक बन उपभोक्ता समितिको सदस्यता किन लिनु भयो?

..................................................................................................

७. बन समितिबाट तपाईले पाउँनुभएको प्रत्यक्ष लाभहरु के के हुन?

क घाँस पात　　　ख सहुलियत मूल्यमा काठ दाउरा　　　ग रोजगारी

घ आर्थिक सहयोग　　　ङ पंक्षी तथा चौपाय सहयोग　　　च अन्य (उल्लेख गर्नहोला)

८.तपाईंको क्षेत्रको सामाजिक विकासमा सामूदायिक बनको के योगदान छ? बुँदामा उल्लेख गर्नुहोस ।

..................................................................................................

९.तपाईको क्षेत्रको आर्थिक विकासको लागि सामूदायिक बनले के गरेको छ?

..................................................................................................

१०. तपाईको क्षेत्रको शैक्षिक विकासको लागि सामूदायिक बनको के भूमिका छ?

..................................................................................................

११. तपाईंको परिवारीक जीवनमा सामूदायिक बनले कस्तो प्रवाभ पारेको छ?

..................................................................................................

१२. तपाईंको व्यक्तिगत जीवनमा सामूदायिक बनले केही उल्लेख्य भूमिका निर्वाह गरेको छ कि?

..................................................................................................

१३. बनले हाल गरिरहेको कार्यहरुलाई कसरी मूल्याङ्कन गर्नुभएको छ?

क) उत्कृष्ट　　　ख) ठीक　　　ग) सामान्य　　　घ) अपर्याप्त

१४.भावी दिनहरुमा बन उपभोक्ता समितिले के गर्नु र गर्दै जानु उपयुक्त हुन्छ? आफ्नो धारणा उल्लेख गर्नुहोस ।

**अनुसूची-२**

**श्री तौडलछाप सामुदायिक बन उपभोक्ता प्रश्नावली**

१ कार्य समितिको विवरण (अलग्गै पाना ; गर्नुहोला):

..........................................................................................................

२ यस सामूदायिक बनको बार्षिक आम्दानी कति छ?

..........................................................................................................

३ आम्दानीको मूख्य स्रोतहरु के के हुन?

..........................................................................................................

४ उक्त आम्दानीलाई कसरी सदुपयोग गर्नुभएको छ?

..........................................................................................................

५ लगानीका क्षेत्रहरु के के हुन?

..........................................................................................................

६ बनले किन उक्त क्षेत्रमा लगानी गर्नु पर्‍यो?

..........................................................................................................

७ यस बनले हालसम्म गरेको सामाजिक योगदानबारे विवरण दिनुहोला (अलग्गै पानामा थप गरी दिन पनि सक्नुहुनेछ) ।

..........................................................................................................

८ स्थानीय क्षेत्रको आर्थिक विकासमा यस बन उपभोक्ता समितिले हालसम्म के के उल्लेखनीय कार्यहरु गरेको छ ? विवरण दिनु होला (विवरण पाना थप गरी दिन सक्नुहुनेछ) ।

..........................................................................................................

९ स्थानीय स्तरको शैक्षिक विकासको लागि हालसम्म बनले गरेका कार्यहरुको विवरण दिनुहोला ।

..........................................................................................................

११ तत्कालका लागि सामूदायिक बनको भावी कार्य योजनाहरु के के छन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोला ।

..........................................................................................................

१० हाल सम्ममा बनले गरेको आर्थिक तथा साािजक योगदानका कुराहरुलाई कसरी मूलयाङ्कन गनुहुन्छ ?

..........................................................................................................

*अनुसूची ३*

*नेपालमा वनसम्वन्धी कानुनको ऐतिहासिक विकासक्रमको संक्षिप्त झलक*

| समयावधी | नीत तथा कानूनहरु | कार्यक्रमहरु | असर/प्रवाभहरु |
|---|---|---|---|
| २००७-२०३५ बन क्षेत्रलाई राष्ट्रियकरण गरिएको अवधी | १) नीजि बन जंगल साष्ट्रियकरण ऐन, २०१३<br>२) बन ऐन, २०१८<br>३) बन संरक्षण ऐन, २०२४<br>४) राष्ट्रिय बन योजना, २०३३<br>५) विर्ता उन्मूलन ऐन, २०१६ | • सबै बन क्षेत्र सरकारको नियन्त्रणमा रहने व्यवस्था गरिएको<br>• सरकार द्धारा मात्र बन क्षेत्रको उपयोग गर्ने कानूनी व्यवस्था रहेको ।<br>• विर्ता उन्मुलन गरिएको,<br>• बनबाट सरकारी राजस्व बढाउने माध्यम बनाइएको<br>• तराईमा औलो उन्मुलन गरी पुर्नवास गराइएको । | • बनमा राजनीतिक र प्रशासनिक हस्तक्षेप ।<br>• जमिनदारी प्रथा कायम रहेको ।<br>• तिव्र रुपमा बन विनास, चोरी निकासी र तस्करी भइरहेको ।<br>• सर्व साधारणहरु बन पैदावार पाउनबाट वन्चित भइरहेको । |
| २०३५-२०४५ विकेन्द्रिकरण तर्फ उन्मुख भएको अवधी | १) पञ्चायती बन नियमावली, २०३५<br>२)पञ्चायत संरक्षित बन नियमावली, २०३५<br>३)कबुलियती बन नियमावली, २०३५<br>४) विकेन्द्रिकरण ऐन, २०३९ | • बन सम्वन्धि कानूनमा सुधार गर्ने ।<br>• पञ्चायतको माध्यमबाट बन संरक्षणमा जनसहभागीता बढाउने प्रयास गर्ने ।<br>• नीजि बनलाई माध्यता दिने<br>• बन व्यवस्थापन योजना बनाउने । | • बन संरक्षणमा कुनै सुधार नभएको ।<br>• बनमा पञ्चहरुको हस्तक्षेप भएको ।<br>• बन पैदावरहरुको दुरुपयोग भएको ।<br>• बन संरक्षणमा जनसहभागिताको महसुस । |
| २०४५ पश्चातको अवधीः प्रजातान्त्रिक | १)बन विकास गूरुयोजना, २०४५<br>२) बन ऐन २०१८ मा चौथो संशोधन, | • बन व्यवस्थापनमा सामुदायिक बन उपभोक्ता समूहलाई सहभागी गराउने | • कानूनी रुपमा बन समूहहरु स्वयत्त बनेका ।<br>• बन वातावरणको |

| | | | |
|---|---|---|---|
| अवधारणको सुरुवात भएको अवधी | २०४८<br>३) बन ऐन, २०४९<br>४) बन नियमावली, २०५१<br>५)सामुदायिक बन निर्देशिका, २०५२<br>६) सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१,<br>७) सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५<br>८) वन दर्पण, २०६८ | ) विकेन्द्रिकरण, कानून, सांगठानिक संरचना र जन शक्तिमा सुधार गर्ने ।<br>प्रणलीहरुको विभाजन<br>) उपभोक्ता समूहको स्वयत्ता कायम गरिने | संरक्षण ।<br>)आय आर्जनमा वृद्धि<br>)सामुदायिक विकास<br>)समूह ससक्तकरण<br>)महासंघको स्थपना<br>)अन्तराष्ट्रिय स्तरमा सामुदायिक बनको प्रचार प्रसार । |
| | १)मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२<br>२) संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३<br>३) संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ | ) निकुञ्ज तथा संरक्षित क्षेत्रहरुको वपिरि रहेको क्षेत्रमा मध्यवर्ती सामुदायिक बन हस्तान्तरण गर्ने ।<br>) संरक्षण सामुदायिक बनको व्यवस्था गरिएको तर स्वयत्ताता नदिइएको। | )सामुदायिक बनको स्वयत्ततामा समय समयमा व्यवधान र अन्योल सृजना गरिएको ।<br>)सरकार द्धारा तराईमा सामुदायिक बन हस्तान्तरण गर्न आनाकानी । |

स्रोतः सामुदायिक वन बुलेटिन अंक १४, ०७२/७३

अनुसूची ४

**वर्तमान उपभोक्ता समितिका पदाधिकारीहरुको नामावली**

| क्र.सं. | पद | नाम | ठेगाना | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | अध्यक्ष | महेश्वर बोहरा | सिपााडोल-९ | स्नातक |
| २. | उपाध्यक्ष | वशन्तीमाया तामाङ | ऐ.ऐ. | टेस्टपास |
| ३. | सचीव | अनिता सेजवाल | ऐ.ऐ | आइए |
| ४. | कोषाध्यक्ष | सन्जिव थापा | ऐ.ऐ | टेस्टपास |
| ५. | सह-सचीव | भवानी थापा | ऐ.ऐ | एस.एल.सी. |
| ६. | सदस्य | सुनीता थापा | ऐ.ऐ | ऐ.ऐ |
| ७. | सदस्य | सरीता बोहरा | ऐ.वडा-४ | टेस्टपास |
| ८. | सदस्य | हरिचन्द्र थापा | ऐ.ऐ | ऐ.ऐ |
| ९. | सदस्य | इन्दिरा कार्की | वडा -२ | ऐ.ऐ |
| १०. | सदस्य | उषा बस्नेत | वडा-१ | ऐ.ऐ |
| ११. | सदस्य | सुमिता वस्नेत | वडा-२ | ऐ.ऐ |